स्टेशनरी र पाठ्यपुस्तकका
सम्पूर्ण सामान
थोक तथा खुद्रा
उपलब्ध छ ।

उत्सुक बुक्स एण्ड
स्टेशनरी केन्द्र
विदुर, नुवाकोट
०१०-५६०४१९/९८५१००२९३८

त्रिशूली प्रवाह
साप्ताहिक

वर्ष २७ अंक ३० १० मंसिर २०८३ (26 November, 2026) बिहीबार Website: www.trishuliprawaha.com.np पृष्ठ ६ मूल्य रु.१०/-



भोटेकोसी बाढीमा बेपत्तालाई
मृत घोषणा प्रक्रिया सुरु

विदुर । गत भदौ १० गते भोटेकोसी-त्रिशूली नदीमा आएको महाप्रलयकारी हिमबाढीमा परी बेपत्ता भएका नुवाकोट र रसुवाका नागरिकलाई मृत घोषणा गर्ने प्रक्रिया सुरु भएको छ ।

दुवै जिल्ला प्रशासन कार्यालयले बाढीमा परी बेपत्ता भएको पालिकाले सङ्कलन गरेको विवरण एकीकृत गरी बेपत्ता नागरिकको विवरण यकिन गरी जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट निर्णय गराएर राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार काठमाडौंलाई पत्राचार गर्दै बेपत्ता नागरिकको विवरण पठाएको जानकारी कार्यालयले दिएका छन् । नुवाकोट जिल्लाका पालिकाबाट सिफारिस भई आएका ६ सय ३१ जनाको विवरण यकिन गरी आवश्यक कानुनी प्रक्रियाका लागि सम्बन्धित निकायमा पठाएको प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले बताउनुभयो । जिल्लाका १२ पालिकाबाट प्राप्त विवरण सङ्कलन तथा एकीकृत गरी बेपत्ता नागरिकको विवरण यकिन गरी जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट निर्णय गराएर राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार काठमाडौंलाई पत्राचार गर्दै बेपत्ता नागरिकको विवरण पठाइएको जानकारी कार्यालयले दिएको छ । प्रमुख जिल्ला अधिकारी रेग्मीका अनुसार बाढीमा परी जिल्लाका १२ स्थानीय तहका ६ सय ३१ जना नागरिक बेपत्ता भएका थिए । जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयअनुसार सम्बन्धित स्थानीय तहबाट प्राप्त विवरण सङ्कलन तथा एकीकृत गरी ६ सय ३१ जना बेपत्ता नागरिकको विवरण यकिन गरिएको हो ।

कार्यालयले बाढीमा बेपत्ता व्यक्तिको आधिकारिकता विवरण यकिन गर्ने प्रक्रिया २०८३ बमोजिम स्थानीय तहबाट प्राप्त विवरणलाई एकीकृत गरी आवश्यक प्रक्रिया अगाडि बढाउन सिफारिससहित पठाएको जनाएको छ । प्रशासनले उक्त विवरणलाई वैधानिकता प्रदान गर्दै बेपत्ता नागरिकको कानुनी अवस्थासम्बन्धी प्रक्रिया अघि बढाउन प्राधिकरण र बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई अनुरोध गरेको छ । यससँगै लामो समयदेखि आफन्तको अवस्थाबारे अन्योलमा परेका परिवारका लागि कानुनी प्रक्रिया अघि बढ्ने बाटो खुलेको छ । अब सम्बन्धित निकायबाट आवश्यक कानुनी प्रक्रिया पूरा भएपछि उनीहरूलाई मृत घोषणा गर्ने प्रक्रिया अघि बढ्ने जनाइएको छ ।

नुवाकोटबाट बेपत्ता विवरण

सि.नं.	पालिकाको नाम	सङ्ख्या
१.	पञ्चकन्या	१
२.	सूर्यगढी	१५
३.	बेलकोटगढी	३२
४.	म्यागङ	१९
५.	दुप्चेश्वर	९
६.	ककनी	५
७.	तादी	१३
८.	लिखु	१०
९.	तारकेश्वर	२
१०.	किस्पाङ	११०
११.	शिवपुरी	३
१२.	विदुर	४१२
	कुल	६३१

बेपत्तालाई मृत घोषणा गरेपछि राज्यले दिने आवश्यक राहत तथा क्षतिपूर्ति परिवारले पाउने छन् । बाढीमा परी बेपत्ता हुनेमा बेलकोटगढीबाट ३२ र विदुर नगरपालिकाबाट चार सय १२, पञ्चकन्याबाट एक, सूर्यगढीबाट

रसुवाबाट बेपत्ता विवरण

सि.नं.	पालिकाको नाम	सङ्ख्या
१.	गोसाईंकुण्ड	४९३
२.	आमाछोदिङ्मो	१८०
३.	नौकुण्ड	६३
४.	उत्तरगया	६६६
५.	कालिका	१३६
	कुल	१५३८

१५, म्यागङबाट १९, दुप्चेश्वरबाट नौ, ककनीबाट पाँच, तादीबाट १३, लिखुबाट १०, तारकेश्वरबाट दुई, किस्पाङबाट एक सय १० र शिवपुरी गाउँपालिकाबाट तीन रहेका छन् । जिल्ला प्रशासनले बेपत्ता भएको व्यक्तिको घोषणापश्चात् निजका आफन्तलाई राहतस्वरूप दिनुपर्ने रकम के-कति आवश्यक पर्ने हो सो रकम जिल्ला विपत् व्यवस्थापन समितिसँग माग गर्न पालिकालाई अनुरोधसमेत गरेको छ । विपत् संवेदशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१ र नेपाल ... बाँकी ५ पेजमा

हिम सुनामीपछि
पुनर्स्थापनाको चुनौती

❑ ज्ञानेन्द्र न्यौपाने

धुन्चे । आफू पायल्स रोगको समस्याले काठमाडौंको एक अस्पतालमा शल्यक्रिया गरेर बसिरहेको वेला अचानक खबर आयो- भोटेकोसीमा बाढी आएर रसुवागढी, घट्टेखोला, टिमुरेसमेतको क्षेत्र सबै बगायो । यो समाचार सुनेसँगै लौन नि मेरी श्रीमती शान्ताको अवस्था के-कसो भयो होला भनेर चिन्ता लाग्यो र फोन गर्न थालैं, कतै फोन नलागेपछि थप चिन्तामा परेको बताउँछन् रसुवागढी, टिमुरेका होटेल व्यवसायी पदम रुम्बा ।

रुम्बा पायल्सको समस्याले उपचारका लागि बाढी आउनुभन्दा तीन दिनअघि मात्र काठमाडौं जानुभएको थियो । शान्ता टिमुरेको घट्टेखोलामा होटेल तथा खुद्रा पसल गर्दै आउनुभएको थियो । दुई छोरीकी आमा श्रीमान्सहित बसेर एउटीलाई काठमाडौं, अर्कीलाई विदेशमा पढाउँदै हुनुहुन्थ्यो । उहाँको बाँच्ने दिन भदौ १० गतेसम्म मात्र रहेछ । विनाशकारी बाढीले शान्ता रुम्बालाई मात्र होइन, टिमुरे गाउँ क्षेत्रबाट सयौं मानिस तथा गाउँ, होटेल, लज, घट्टे खोलामा रहेका सरकारी कार्यालय, सुरक्षा निकाय, रसुवागढी हाइड्रो पावरको आवास तथा कार्यालयसमेतका पूर्वाधारका संरचना एकसाथ बगायो । कर्मचारी, व्यापारी, सडकसमेत बगाएर एकसाथ ध्वस्त भयो । रुम्बा भन्नुहुन्छ, 'मेरी श्रीमतीलाई बगाएको छैन जस्तो लाग्छ, फर्केर आउँछिन् जस्तो लाग्छ, मनमा झ्फल्को आइरहन्छ ।' उहाँ मात्र होइन, रसुवाको भोटेकोसी बाढीले वेत्रावती कैदलटार र स्याफ्रुबेंसीको क्षेत्रसमेत तहसनहस बनाएको छ ।

'तटीय क्षेत्रको बाढीको खबर सुन्दासाथ नुवाकोटको अर्चले शान्तिबजार क्षेत्रमा सजग गराई उकालोतर्फको भागमा छिटोछिटो भाग्न सबैमा अनुरोध गरैं, कतिपयले मेरो कुरा सुने र माथि जाने बचे, कतिपय अटेर गरेर होचो स्थानमा बस्नेलाई बाढीले बगाएर लग्यो,' अर्चलेका शेषनाथ भट्टराइले भन्नुभयो, 'बाढी-पहिरोसम्बन्धी कुनै पनि सूचनाको बर्खिलाप गर्न नहुने यसपटकको बाढीले सिकायो ।'

बाढीबाट विस्थापित भएका नागरिकलाई सुरक्षित आवास र जीविकोपार्जनको आधार उपलब्ध गराउने तथा जोखिमयुक्त बस्तीको भौगर्भिक अध्ययन गरी पुनर्स्थापना गर्ने कामलाई जिल्ला विपत् व्यवस्थापन समिति रसुवाले प्राथमिकतामा राखेको छ । बाढी प्रभावित परिवारलाई सरकारी अनुदान उपलब्ध गराउने प्रक्रियामा प्राविधिक समस्या देखिए पनि वास्तविक पीडितलाई सहायता रोक्न नहुने निर्णय गर्दै समितिले राहत वितरण, बेपत्ता नागरिकको पहिचान, अस्थायी आवास निर्माण, सडक तथा विद्युत् सेवा पुनर्स्थापना र सुरक्षित बस्ती व्यवस्थापनका विषयमा निर्णय गरेको छ । तर, बाढी प्रभावित नागरिकको पुनर्स्थापना भनेको उहाँहरूलाई एउटा स्थानबाट अर्को स्थानमा सार्नु मात्र होइन । आफ्नो जन्मथलो, सामाजिक सम्बन्ध, खेतीपाती, पशुपालन, व्यापार र पुख्यौंली थातथलोसँग जोडिएको जीवनलाई सुरक्षित राख्नु पनि उत्तिकै महत्त्वपूर्ण रहेको गोसाईंकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङनुर्पुतामाडले बताउनुभयो । प्रभावित क्षेत्रका बासिन्दाले आफ्नो इच्छाअनुसार ... बाँकी ५ पेजमा

जीवनरेखा बन्दै स्याफ्रुको फड्के



धुन्चे । गत भदौ १० गते भोटेकोसी-त्रिशूली नदीमा आएको विनाशकारी हिमबाढीले स्याफ्रुबेंसीको भोटेकोसी पक्की पुल बगाएपछि आवतजावत सहज पार्न स्थानीय बासिन्दाले श्रमदानमार्फत काठको फड्के पुल निर्माण गरेका छन् ।

गत कार्तिक १३ गतेको वर्षाले पहिलोपटक निर्माण गरेको फड्के पुलमा क्षति पुऱ्याएपछि स्थानीय बासिन्दाले दोस्रोपटक काठको फड्के निर्माण गरेका हुन् । काठको फड्के निर्माण गर्न नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका ५० जना र दुई सय ५० स्थानीय बासिन्दाले श्रमदान गरी काठको फड्के निर्माण गरेको गोल्जुङका समाजसेवी मानबहादुर तामाङले जानकारी दिनुभयो । पुल निर्माणमा आमाछोदिङ्मो गाउँपालिका- २ का अध्यक्ष ल्हाक्पाकामी तामाङ, वडा नम्बर ३ का अध्यक्ष सुरेन्द्र तामाङ, वडा नम्बर ४ का अध्यक्ष धर्म तामाङ र वडा नम्बर ५ का... बाँकी ५ पेजमा

'पत्रकारलाई गिरफ्तार गर'



विदुर । नेपाल पत्रकार महासङ्घले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, पत्रकारको श्रम अधिकार सुनिश्चितता र पत्रकारमाथि हुने धरपकडको विरोधमा आन्दोलनका घोषित पहिलो चरणको कार्यक्रम बुधबार सम्पन्न भएको छ । आन्दोलनका घोषित कार्यक्रमअनुसार बुधबार सबै जिल्ला शाखाको आयोजनामा जिल्ला प्रशासन कार्यालयमा 'पत्रकारलाई सामूहिक गिरफ्तार गर' भन्ने ब्यानरसहित भेला हुने कार्यक्रम सम्पन्न भएको छ ।

महासङ्घले समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारमाथि धरपकड गरिएको, प्रेस स्वतन्त्रता सङ्कुचित गर्ने उद्देश्यले प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश जारी गर्ने प्रयास भएको तथा सञ्चारमाध्यममा अनधिकृत रूपमा सवारीसाधन तेर्स्याउनेमाथि कारबाही नभएको भन्दै आपत्ति जनाएको छ । गोरखापत्रलगायत सरकारी ... बाँकी ५ पेजमा

स्वास्थ्य सेवा सम्बन्धी जानकारी

डा. प्रमिला थापा
NMC No : 29584
MBBS (Dhaka University)
जनरल फिजिसियन
प्रत्येक दिन

डा. कमल गौतम
NMC No : 9150
MBBS (KU), MD (TU)
मानसिक नसा तथा मनोरोग विशेषज्ञ
पहिलो शनिबार

डा. प्रभाकर पराजुली
NMC No : 18993
MD Orthepedic
बरिष्ठ हाडजोर्नी तथा नसारोग विशेषज्ञ
(पाटन अस्पताल)

दोश्रो शनिबार

डा. अजय शाह
NMC No : 21527
MD Internal Medicine
सुगर, प्रेसर, थाइराइड, दम, पेटरोग विशेषज्ञ
(केएमसी अस्पताल)

डा.सञ्जय सिंह के.सी.
NMC No : 10634
MD (Cardiologist)
मुटुरोग विशेषज्ञ

तेश्रो शनिबार

डा. सरोज सेढाई
बरिष्ठ छाला तथा
यौनरोग विशेषज्ञ
MD (Dermatology & Venerology)

डा.चुनुमिला महर्जन
NMC No : 9886
प्रसुती तथा स्त्रीरोग विशेषज्ञ
बाँझोपनरोग विशेषज्ञ

चौथो शनिबार

डा. राजन गोबिन्द मुल्मी
NMC No : 14059
नाक,कान,घाँटीरोग विशेषज्ञ
(बिर अस्पताल)

डा.विश्वनाथ अधिकारी
NMC No : 14224
बालरोग विशेषज्ञ
(कान्तीबाल अस्पताल)
चौथो शनिबार

सापकोटा पोलिक्लिनिक प्रा.लि.
सापकोटा मेडिकल हल
विदुर-२, बट्टार, नुवाकोट
सम्पर्क : ०१०-५६०१३९

दुप्चेश्वर मन्दिर ११ घन्टा खुल्ने



समुन्द्रटार । बागमती प्रदेशको दोस्रो पशुपतिनाथ दुप्चेश्वर गाउँपालिकास्थित दुप्चेश्वर महादेव मन्दिर असोजदेखि ११ घन्टा मात्र खुल्ने गरेको छ । दुप्चेश्वरधाममा भक्तजनको चाप बढ्दै गएकाले मन्दिरलाई थप व्यवस्थित, संरक्षण गर्न, नित्य एवम् विशेष पूजा तथा आरती सञ्चालन गर्न मन्दिरको मुख्य र प्रवेशद्वार खुल्ने तथा बन्द हुने समय तालिका हेरफेर गरिएको छ ।

दुप्चेश्वर क्षेत्र विकास कोष सञ्चालक समितिको गत भदौ २१ गतेको बैठकले असोज १ गतेदेखि फागुन मसान्तसम्म बिहान साढे ६ देखि साँझ ५ बजे र चैत १ गतेदेखि भदौ मसान्तसम्म बिहान ६ देखि साँझ ५ बजेसम्म खुला राख्ने निर्णय गरेको छ । समितिको निर्णयअनुसार यही असोजदेखि मन्दिर १३ घण्टा बन्द रहनेछ । कोषका अध्यक्ष तथा दुप्चेश्वर गाउँपालिका अध्यक्ष शङ्करबहादुर थापाले धामपरिसरका सम्पूर्ण प्रवेशद्वारको ... बाँकी ५ पेजमा

धार्मिक आस्था, प्राकृतिक सम्पदा र एकीकृत पर्यटन महाभियानका लागि
उत्तरगयाधाम तत्काल पुनर्निर्माण जरुरी

❑ लक्ष्मणप्रसाद बिडारी

पृष्ठभूमि : नेपाल धार्मिक, सांस्कृतिक एवम् भौगोलिक विविधताले भरिपूर्ण बहुआयामिक र पवित्र तपोभूमिका रूपमा अद्वितीय छवि भएको मुलुक हो । यहाँको अनुपम प्राकृतिक सौन्दर्यले विश्वको ध्यान आकर्षित गरेको छ । यहाँको बहुधार्मिकतामध्ये सनातन धार्मिक आस्थाभित्र लुकेका तथ्य खोज, अनुसन्धानको विषयवस्तु बनेका छन् भने यहाँ विकसित भएका विविध मानव सभ्यता मौलिक संस्कृतिका रूपमा झाँगिँदै गएका छन् । प्राकृतिक एवम् ऐतिहासिक सम्पदा र धार्मिक स्थलको संरक्षण एवम् संवर्द्धनबाट समृद्धिको ढोका खोल्न सरकारको तर्फबाट विगतदेखि नै नीतिगत प्रयास भइरहेको छ ।



सरकारको नीतिगत प्रयासलाई मूर्त स्वरूपमा परिणत गर्न सामाजिक एवम् धार्मिक संस्थाको महत्त्वपूर्ण भूमिका रहनु स्वाभाविक नै हो । सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वय र सहकार्यबाट धार्मिक पर्यटनको विकास गरी समृद्ध नेपाल निर्माणको अभियानमा थप सफलता हासिल गर्न सकिने सम्भावना रहेको छ । यसका लागि विश्वव्यापी महाअभियान सञ्चालन गरी सामाजिक र मानवीय सेवाभावले स्थापित सङ्घसंस्थालाई पनि कार्यगत एकतामा समाहित गर्नु अपरिहार्य रहेको छ । यसै पृष्ठभूमिमा उभिएर देशको प्राकृतिक, धार्मिक एवम् सांस्कृतिक सम्पदाको विकास गरी सामाजिक एवम् मानवीय सेवाभावबाट मुलुकको अर्थतन्त्रमा समेत टेवा पुऱ्याउने लक्ष्यका साथ 'श्री पञ्चधाम सेवा केन्द्र'को परिकल्पना गरिएको हो ।

काठमाडौं, नुवाकोट र रसुवा जिल्लामा फैलिएका पाँचवटा पवित्र धाम (श्री पशुपतिनाथधाम, श्री बौडेश्वर महादेवधाम, श्री दुप्चेश्वर महादेवधाम, श्री उत्तरगयाधाम, श्री गोसाईंकुण्डधाम)लाई जोड्ने गरी धार्मिक पर्यटनको एकीकृत प्रवर्द्धन गर्न सेवा केन्द्र स्थापना भएको छ । यस महाअभियानलाई ... बाँकी ४ पेजमा

त्रिशूली प्रवाह साप्ताहिक

प्रकाशक/सम्पादक	:	**शरणउत्सुक सापकोटा** (९८५१००२९३८)
संस्थापक सम्पादक	:	**रामचन्द्र भट्ट**
कार्यकारी सम्पादक	:	**विष्णु तारुके** (९८५१०९९८००)
रसुवा संवाददाता	:	**जी. लेकाली** (०१०५४०२०५ /९८५१११६८३१)
	:	**सरस्वती न्यौपाने** (९८४३७६४७९५)
कानुनी सल्लाहकार	:	**अधिवक्ता देवराज कँडेल**
जनसम्पर्क	:	**शम्भुराम दाहाल** (९८४१९१५७२७)
फोटो पत्रकार	:	**सुनिल श्रेष्ठ**
काठमाडौं वितरक	:	**नारायण रिमाल** (९८४१०८८२२२)
कार्यालय	:	विदुर नगरपालिका-२, सञ्चारचोक, विदुर नुवाकोट
फोन/फ्याक्स	:	०१०-५६०४१९
Email	:	prawaha.weekly@gmail.com, utsuk.nkot@gmail.com
मुद्रण	:	**सुप्रिम प्रिन्टिङ प्रेस**

हाम्रा कुरा

अधि बढेन मोटरेबल पुल पुनर्निर्माण

गत भदौ १० गते भोटेकोसी-त्रिशूली नदीमा महाप्रलयकारी हिमबाढी आएको आज तीन महिना भएको छ। यो अवधिमा सरकार प्रभावित क्षेत्रमा खोज, उद्धार र राहत वितरणसँगै अस्थायी काममा अल्मलिरहेको छ। विध्वंसकारी बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन, तनहुँका विस्थापितलाई पुनर्स्थापना र सुरक्षित पुनर्निर्माण गर्ने योजना सरकारले हालसम्म नल्याउँदा पीडित थप पीडामा छन्। विपत्तिको घडीमा सरकार साथमा छ, सरकारले सुरक्षित पुनर्निर्माण गर्छ भन्ने विश्वास पीडितले गर्न सकिरहेका छैनन्। बाढी प्रभावित स्थानीयलाई राज्यले न त पुनर्स्थापनाको ठोस पहल गरेको छ, न त त्रिशूली र भोटेकोसी नदीपश्चिमका रसुवा, नुवाकोट र धादिङका स्थानीयलाई आवतजावत सहज बनाउन पक्की पुल नै बनाउने योजना ल्याएको छ।

लाङ्टाङ हिमालको उत्तरतर्फको लाङ्टाङ-लिरुङ हिमालबाट आएको भनिएको हिमपहिरो खसेर नेपाल र चीनको सीमा क्षेत्रको ल्हेन्दे खोलाबाट भोटेकोसी हुँदै त्रिशूली नदीमा आएको बाढीले रसुवा, नुवाकोट र धादिङका ४० भन्दा बढी मोटरेबल पुल र एक सय किलोमिटरभन्दा बढी सडक बगाएको छ। सरकारले बाढी आएको तीन महिना बितिसक्दासमेत ती क्षेत्रमा सडक र पुल पुरानै स्थानमा पुनर्स्थापनाको कुनै निर्णय लिएको छैन। सरकारले बगेका मोटरेबल पुलमध्ये एउटै पनि पुनर्स्थापनाको निर्णय लिन नसक्दा ठेक्काको सूचना नै प्रकाशित भएको छैन। सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सडक वा पुलको डिजाइन स्वीकृत भएपछि ठेक्कापट्टा लगाउन झन्डै तीन महिनाको समय लाग्छ। मङ्सिरमा सरकारले पुल र सडक बनाउने योजना स्वीकृत गऱ्यो भने पनि फागुनसम्म मात्र ठेकेदार परिचालन हुन सक्छ। बर्खा लाग्ने वेलामा ठेकेदार परिचालन भयो भने पुलको फाउन्डेसन तयार गर्न नै भ्याउँदैन। त्यही कारण त्रिशूली नदीपश्चिमका रसुवा, नुवाकोट र धादिङका बासिन्दाले आवतजावतमा आगामी बर्खामा पनि सास्ती भोग्नुपर्नेछ। स्थानीय जनप्रतिनिधिले तत्काल मोटरेबल पुल निर्माणका लागि सङ्घ सरकारसँग माग गरिरहेका छन्। तर, सरकार के गरिरहेको छ जानकारी नै बाहिर आएको छैन। बाढीले बाँकी राखेको धादिङको कल्लेरीमा रहेको एउटा मोटरेबल पुलबाट अहिले नुवाकोट र धादिङका बासिन्दाले केही राहत पाइरहे पनि बर्खा लागेपछि उक्त पुलसमेत सञ्चालनमा समस्या पर्नेछ। उक्त पुलको पश्चिमतर्फ कतै पनि कालोपत्रे सडक छैन। कालोपत्रे सडक नभएका कारण पुलसम्म सवारीसाधन आवतजावत गर्न सक्ने अवस्था बर्खामा हुनेछैन। विदुर-१ त्रिशूली नदीमा सरकारले पक्की स्थायी प्रकृतिका पुल मात्र होइन, कात्तिकभित्रै बेलिब्रिज हालेर गाडी सञ्चालन गर्ने योजना निर्माणकै क्रममा छ।

सरकारी तथा सरोकारवालाले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कअनुसार बाढीले निजी आवास, भौतिक पूर्वाधार, सडक पुल र जीविकोपार्जन क्षेत्रमा खर्बौं रुपैयाँबराबरको क्षति भएको छ। सरकारले क्षति र आवश्यकताको तथ्याङ्कको प्रतिवेदन कागजातमा सीमित राखिरहेको छ। पीडितका लागि सुरक्षित जग्गा खोजेर आवास बनाउने र आयआर्जनको स्पष्ट खाका सरकारले ल्याउन नसक्दा पीडित चिन्तामा डुबेका छन्। सरकारले नुवाकोटको देवीघाट, तादी खोलामा र नुवाकोट-रसुवाको सिमाना वेत्रावतीको फलाखु खोलामा बेलिब्रिज हालेर उत्तर-दक्षिण गाडी चलाए पनि त्रिशूली नदीमा एउटै पनि बेलिब्रिज अहिलेसम्म जडान गरी सञ्चालन गर्न सकेको छैन। नुवाकोटको ढुङ्गे र रसुवाको स्याफ्रुबेंसीमा बेलिब्रिज जडान प्रयास जारी राखे पनि कहिले निर्माण पूरा हुन्छ भन्ने यकिन गर्न सक्ने अवस्था छैन। पुल बने पनि ठुलो एक भेलबाढीले बगाउने स्थानीयले बताएका छन्। अस्थायी काममा रमाइरहेको सरकारले सो क्षेत्रमा तत्काल स्थायी पुल बनाउने निर्णय गर्न नसक्दा दुईतिहाइको सरकारबाट पीडितले भरोसा गर्न सकिरहेका छैनन्।

सरकारले पुल निर्माण नगरिदिँदा तीनवटै जिल्लाको पश्चिमी भेगका विद्यालय र कलेजको पढाइ नै प्रभावित भइरहेको छ। वारिपारि गर्ने पुल छैन, आवतजावत गर्न गाडी सञ्चालन भएको छैन, त्यही भएर विद्यालय र कलेजको पढाइ प्रभावित भएको हो। बाढीबाट घरबारविहीन बन्न पुगेका त्रिशूलीका स्थानीयले सरकारले बसोबासका लागि जग्गा नदिएको भन्दै अघिल्लो मंगलबार नेपाल विद्युत् प्राधिकरणको जग्गामा डोजर लगाएर, सम्याएर टेन्ट गाडेर बसोबास सुरु गरेका छन्। बाढी गएको तीन महिनामा पनि स्याफ्रुबेंसीतर्फ जोड्ने मोटरेबल बेलिब्रिज निर्माणले अझै गति लिएको छैन। बेलिब्रिव जडान गर्नका लागि भोटेकोसीको पूर्व धुन्चेतर्फको खण्डमा जग बनाउने काम जारी रहे पनि पश्चिमतर्फ चिलिमे जलविद्युत् आयोजनाको विद्युत्गृहनजिक जग निर्माणको काम सुरु नै भएको छैन। पुल निर्माणको काम सुस्त रूपमा हुँदा आमाछोदिङ्मो गाउँपालिकाका सबै र गोसाइँकुण्ड गाउँपालिकाका केही बासिन्दाले आफ्नो दैनिकी चलाउन ठुलो सास्ती भोगिरहेका छन्।

भोटेकोसी त्रासदीको तीन महिना

घाउ ताजै, सरकारको सम्बोधन अधुरै

दृष्टिकोण | **राजनप्रसाद प्याकुरेल**



गत भदौ १० गते बिहान लेन्दे खोला हुँदै रसुवाको भोटेकोसी-त्रिशूली नदीमा आएको विनाशकारी हिमबाढीले नेपालको इतिहासमा दशकौंपछिको सबैभन्दा ठुलो बाढीजन्य विपत्ति निम्त्यायो। हिमपहिरो र चट्टान खस्दा उत्पन्न भएको यो आकस्मिक बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लाका साथै तल्लो तटीय क्षेत्रमा अपूरणीय क्षति पुऱ्यायो। झन्डै तीन महिना बित्न लाग्दा पनि परिवार र आफन्त गुमाएका, घरबारविहीन भएका र सम्पूर्ण सम्पत्ति, खेतबारी गुमाएका पीडितको जीवन अझै अनिश्चिततामा छ। यस लेखमा स्वतन्त्र दृष्टिकोणबाट सरकारले गरेका काम, चुकेका ठाउँ र अब गर्नुपर्ने ठोस कदमको विश्लेषण प्रस्तुत गर्ने प्रयत्न गरिएको छ।

विपत्तिको भीषणता र क्षतिको आकार : भदौ १० को बाढी सामान्य मौसमी बाढी थिएन। लाङ्टाङ-लिरुङ क्षेत्रबाट आएको हिमचट्टान खस्दा लेन्दे खोलामा उत्पन्न भएको प्रलयकारी प्रवाहले छोटो समयमै भोटेकोसी-त्रिशूली करिडोरलाई तहसनहस बनायो। सरकारी प्रतिवेदनअनुसार मृत्युको सङ्ख्या एक हजार चार सयभन्दा माथि पुगेको छ भने पाँच हजारभन्दा बढी व्यक्ति अझै बेपत्ता छन्। हजारौं घरपरिवार प्रभावित भए, हजारौं निजी घर पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भए। जलविद्युत् आयोजनामा ठुलो क्षति भयो। सयौं मेगावाट क्षमताका आयोजना प्रभावित भए। सडक, पुल, सार्वजनिक भवन, खेतीयोग्य जमिन र व्यापारिक गतिविधिमा व्यापक नोक्सानी भयो। राष्ट्रिय योजना आयोगको प्रारम्भिक मूल्याङ्कनअनुसार कुल हानि-नोक्सानी अर्बौंमा मात्र होइन, खर्बौंमा पुगेको छ भने पुनर्निर्माणका लागि झन् ठुलो रकम आवश्यक पर्ने देखिएको छ। प्रभावित पालिकामा गरिबी दर बढेको तथ्यले दीर्घकालीन सामाजिक-आर्थिक असरलाई उजागर गर्छ। यो विपत्ति वि.सं. २०७२ को भूकम्पपछिको सबैभन्दा ठुलो मानवीय र भौतिक क्षतिमध्ये एक बनेको छ। सीमापार व्यापार, ऊर्जा आपूर्ति र स्थानीय अर्थतन्त्रमा धेरै ठुलो असर परेको महसुस भइरहेको छ।

तत्कालीन प्रयास र सीमित उपलब्धि : सरकारले विपत्ति आउनासाथ उद्धार र राहतमा केही सक्रियता देखाएको थियो। सुरक्षाकर्मीको ठुलो सङ्ख्या परिचालन गरी हजारौंको उद्धार गरियो। हेलिकोप्टर र स्थलीय टोलीमार्फत खोज तथा उद्धार अभियान चलाइयो। तत्काल राहतका लागि केही रकम जिल्ला र स्थानीय तहमा पठाइयो। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सम्बन्धित निकायले क्षति मूल्याङ्कन, बेपत्ता व्यक्तिको सूची तयार पार्ने र आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया अघि बढाए। केही प्रभावित परिवारलाई अस्थायी आवास, नगद सहयोग र जाडोयामका सामग्री वितरण गरिएको थियो। बागमती प्रदेश सरकारले एकीकृत प्रतिवेदन तयार पारेर मुख्यमन्त्रीसमक्ष पेस गरेको थियो। सडक र पुलका केही अस्थायी व्यवस्था (वैकल्पिकमार्ग, बेलिब्रिज, झोलुङ्गे पुल निर्माण तथा तयारी) अघि बढाइएका छन्। यी प्रयास पूर्ण रूपमा शून्य भने होइनन्। विपत्तिको तीव्रता र भौगोलिक कठिनाइलाई ध्यानमा राख्दा प्रारम्भिक उद्धारमा देखिएको समन्वय प्रशंसनीय थियो। तर, तीन महिना बित्न लाग्दा पनि यी प्रयास दीर्घकालीन समाधानमा रूपान्तरण हुन सकेका छैनन्।

कहाँ चुक्यो सरकार : पीडितको दृष्टिकोणबाट हेर्दा सरकारको सम्बोधन अपर्याप्त र ढिलासुस्तीपूर्ण देखिन्छ। पहिलो, स्थायी आवास र पुनर्स्थापनाको स्पष्ट र समयबद्ध योजना अझै सार्वजनिक भएको छैन। विदुर नगरपालिकाले भने आफ्नो नगरपालिकाभित्रका भदौ १० गतेको बाढीबाट प्रभावित घर क्षति भई हाल अन्यत्र अस्थायी बसोबास गर्दै रहनुभएका नगरवासीलाई स्थायी बसोबासको व्यवस्थापन गर्न बाढी प्रभावितले आफ्नै स्वामित्वको स्थायी पक्की घरमा बस्न इच्छुक विदुर नगरपालिकाभित्र आफ्नै वा एकाघरको परिवारका सदस्यको स्वामित्वमा बसोबास गर्न योग्य जमिन (घडेरी) भएकालाई तत्काल स्थायी बसोबासको व्यवस्थापन कार्य सुरु गर्ने कार्य योजनाअन्तर्गत निवेदन आह्वान गरिसकेको छ। तैपनि आफ्नो जग्गा नभएकाको हकमा भने कहाँ र कसरी व्यवस्थापन गर्ने अझै अन्योल नै देखिन्छ। हालसम्म पनि हजारौं परिवार अस्थायी टहरो वा आफन्तको घरमा बसिरहेका छन्। जाडोयाम सुरु भइसक्दा सुरक्षित आवासको अभावले थप जोखिम बढाएको छ। खेतबारी गुमाएका किसानको जीविकोपार्जनको वैकल्पिक व्यवस्था पर्याप्त छैन।

दोस्रो, क्षतिपूर्ति र राहत वितरणमा पारदर्शिता र एकरूपताको कमी छ। कतिपय पीडितले पर्याप्त सहयोग नपाएको गुनासो गर्दै आएका छन् भने केही क्षेत्रमा वितरण प्रक्रिया ढिलो भएको छ। बेपत्ता व्यक्तिको आधिकारिक सूची र प्रक्रिया अघि बढे पनि परिवार अझै अनिश्चिततामा बाँच्न बाध्य छन्। मनोसामाजिक सहयोग, बालबालिकाको शिक्षा र महिला तथा ज्येष्ठ नागरिकको विशेष आवश्यकतालाई प्राथमिकतामा राखिएको देखिँदैन। तेस्रो, पूर्वाधार पुनर्निर्माणमा ढिलाइ स्पष्ट छ। जलविद्युत् आयोजनाको पुनर्निर्माण योजना स्पष्ट नहुँदा ऊर्जा आपूर्ति र आर्थिक पुनरुत्थान प्रभावित भएको छ। सडक र पुलको स्थायी पुनर्निर्माणले गति लिन सकेको छैन। जोखिमयुक्त बस्तीको स्थानान्तरणको माग उठिरहेको छ, तर ठोस कार्यान्वयन देखिएको छैन। चौथो, समन्वयको कमजोरी। केन्द्र, प्रदेश र स्थानीय तहबिचको समन्वय अपर्याप्त देखियो। अन्तर्राष्ट्रिय सहयोग र विज्ञको प्राविधिक सहयोगलाई प्रभावकारी रूपमा परिचालन गर्न नसक्नु अर्को कमजोरी हो। जलवायु परिवर्तन र हिमाली क्षेत्रको बढ्दो जोखिमलाई ध्यानमा राखेर दीर्घकालीन विपत् जोखिम न्यूनीकरण रणनीति तयार पार्ने काम पर्याप्त प्राथमिकतामा परेको देखिएन। यी कमजोरीले गर्दा पीडितमा निराशा बढेको छ। र, स्थगन विशेष भई बाढीपीडित सरोकार समितिसमेत गठन हुने क्रम बढ्दो छ। विपत्ति आउँदा तत्कालको सहानुभूति देखिन्छ, तर दीर्घकालीन जिम्मेवारी बहन गर्न सरकार चुकेको अनुभूति बलियो बन्दै गएको छ।

अब के गर्नुपर्ला : अबको बाटो स्पष्ट हुनुपर्छ। पहिलो, पीडितकेन्द्रित पुनर्स्थापना योजना तुरुन्त तयार गरी कार्यान्वयनमा ल्याउनुपर्छ। सुरक्षित आवास, जमिनको व्यवस्था वा पर्याप्त क्षतिपूर्ति र जीविकोपार्जनका लागि तालिम तथा अनुदान कार्यक्रम एकीकृत रूपमा सञ्चालन गर्नुपर्छ। जाडोयामअगावै अस्थायी आवासलाई सुधारेर स्थायी समाधानतिर लैजानुपर्छ। दोस्रो, पारदर्शी र समयबद्ध क्षतिपूर्ति वितरण प्रणाली बनाउनुपर्छ। डिजिटल ट्र्याकिङ, स्थानीय तहको सक्रिय सहभागिता र स्वतन्त्र अनुगमन संयन्त्र आवश्यक छ। बेपत्ता परिवारका लागि विशेष आर्थिक र मनोसामाजिक सहयोगको प्याकेज ल्याउनुपर्छ। तेस्रो, पूर्वाधार पुनर्निर्माणलाई प्राथमिकतामा राख्नुपर्छ। जलविद्युत् आयोजनाको प्राविधिक मूल्याङ्कन चाँडो सकाएर पुनर्निर्माण मोडेल तय गर्नुपर्छ। सडक, पुल र सार्वजनिक संरचनाको पुनर्निर्माणमा गुणस्तरीयता र बाढीप्रतिरोधी डिजाइन अनिवार्य बनाउनुपर्छ। जोखिमयुक्त बस्तीको वैज्ञानिक अध्ययन गरी आवश्यक स्थानान्तरण अघि बढाउनुपर्छ। चौथो, विपत् जोखिम न्यूनीकरणलाई संस्थागत बनाउनुपर्छ। हिमाली क्षेत्रको अनुगमन प्रणाली सुदृढ बनाउने, पूर्वसूचना प्रणाली सुधार्ने र सीमापार समन्वय बढाउने काम ढिलो गर्नुहुँदैन। जलवायु अनुकूलन र दिगो विकासलाई मूलधारमा ल्याउनुपर्छ। पाँचौं, राजनीतिक इच्छाशक्ति र जवाफदेहिता। पुनर्निर्माण कोषको प्रभावकारी व्यवस्थापन, भ्रष्टाचार नियन्त्रण र नियमित प्रगति प्रतिवेदन सार्वजनिक गर्नुपर्छ। नागरिक समाज, मिडिया र स्थानीय समुदायको निगरानीलाई प्रोत्साहन दिनुपर्छ।

अन्त्यमा, यो विपत्तिले हामीलाई एउटा गम्भीर पाठ सिकाएको छ- प्रकृतिसँगको सहअस्तित्व र तयारीविना विकास अधुरो हुन्छ। सरकारले अब सहानुभूतिबाट माथि उठेर जिम्मेवारीपूर्ण कार्यान्वयनमा जोड दिनुपर्छ। पीडितको आँसु पुछ्ने काम कुराले मात्र होइन, ठोस कामबाट मात्र सम्भव छ। बाढी गएको तीन महिना बितिसकेको छ, घाउ ताजै छ भने अबको ढिलाइले त्यो घाउलाई निको हुन कठिन हुने गरी अझ गहिरो बनाउन सक्छ, समयले पखैंदैन। सरकारले पीडितको पक्षमा दृढताका साथ अघि बढ्नु आजको आवश्यकता हो।

विदुर-१०, गेर्खुटार, नुवाकोट

राहतका घेरामा अल्झिएको सरकार

समसामयिक | **अनुजकुमार श्रेष्ठ**



गत भदौ १० गते ल्हेन्दे खोला-भोटेकोसी-त्रिशूली हुँदै नारायणीसम्म वितण्डा मच्चाएको बाढीले रसुवा, नुवाकोट, धादिङलगायत त्रिशूलीतटीय बस्तीलाई तहसनहस बनायो। वर्षाबाट सिर्जितभन्दा पनि हिउँ र चट्टानको पहिरोको कारण आएको आकस्मिक बाढीले छोटो समयमै विनाशको कहालीलाग्दो ताण्डव प्रस्तुत गऱ्यो। घटनाको तीन महिना पुगिसकेको छ। प्रभावित नागरिक अझै अस्थायी आश्रयस्थल, त्रिपाल, गुम्बा र विद्यालयका कोठामा अनिश्चित भविष्यसँग जुधिरहेका छन्। विपत्पछिको आपत्कालीन चरण सकिएर स्थायी पुनर्वास र जीविकोपार्जनको चरणमा प्रवेश गर्नुपर्ने वेला सरकारको सुस्तता र स्थानीय तहको अलमलले पीडितको पीडा झन् गहिरिँदै गएको छ।

तीन महिनाको अवधि र पीडितको यथार्थ : विपत्को सुरुका दिनमा खोज, उद्धार र तत्काल राहत वितरणमा देखिने सक्रियता समय बित्दै जाँदा सुस्ताउनु नेपाली विपत् व्यवस्थापनको पुरानै रोग हो। भोटेकोसी-त्रिशूली किनारका कतिपय परिवारले आफन्त गुमाए भने कतिपयको घरखेत, पसल, पुलपुलेसा र जीविकाको आधार नै बग्यो। स्याफ्रुबेंसी, खाल्टे, टिमुरेदेखि त्रिशूली किनारका अन्य बस्तीका बासिन्दा कोही आफ्नै थातथलोमा अस्थायी पाल टाँगेर जोखिम मोल्दै बसेका छन् भने कोही जिल्लाबाहिरका अस्थायी शिविर वा गुम्बामा कष्टकर दिन काट्न बाध्य छन्। सरकारी तथा सरोकारवाला निकायका प्रारम्भिक आकलनअनुसार यस विपत्ले निजी आवास, भौतिक पूर्वाधार, सडक, पुल र जीविकोपार्जन क्षेत्रमा रु. खर्बौंबराबरको क्षति र पुनर्निर्माण आवश्यकता सिर्जना गरेको छ। तर, क्षति र आवश्यकताको तथ्याङ्क कागजमा थुप्रिँदा पीडितको हातमा सुरक्षित जग्गा, भरपर्दो आवास र आयआर्जनको स्पष्ट खाका पर्न सकेको छैन।

सरकार कहाँ अल्मलिएको छ : स्थायी पुनर्स्थापनामा ढिलाइ हुनाका पछाडि नीतिगत समन्वयको अभाव, भू-उपयोग तथा जोखिम आकलनको जटिलता र विगतका असफलताबाट पाठ नसिक्नु मुख्य कारण देखिन्छन्।

जोखिम आकलन र सुरक्षित जग्गाको खोजी : नदीकिनार र भिरालो भूगोलमा बस्ती बसाल्दा भविष्यमा पनि बाढीपहिरोको जोखिम रहन सक्छ। भूगर्भविद् र प्राविधिकको सुझावअनुसार सुरक्षित स्थान पहिचान गर्ने, जग्गाको स्वामित्व वा अधिग्रहण टुङ्गो लगाउने र एकीकृत वा सुरक्षित बस्ती विकासको मोडेल तय गर्ने काममा ढिलाइ भइरहेको छ।

सङ्घ, प्रदेश र स्थानीय तहबिचको अस्पष्टता : विपत् व्यवस्थापनमा तीनै तहको भूमिका कानुनमा तोकिए पनि ठुला पुनर्स्थापना र पुनर्निर्माणका काममा बजेट निकासा, कार्यविधि निर्माण र जिम्मेवारी बाँडफाँटमा अलमल देखिन्छ।

कमजोरीको पुनरावृत्ति : वि.सं. २०७२ को भूकम्प होस् वा २०५० को बाढी, विगतमा पुनर्वासका नाममा बनेका कतिपय बस्ती जीविकोपार्जन, खानेपानी, रोजगारी वा सामाजिक सञ्जालको अभावमा रित्तिएका वा पीडित पुरानै जोखिमपूर्ण ठाउँमा फर्किएका उदाहरण छन्। घर मात्र बनाइदिने, तर आयआर्जन र स्थानीय परिवेश नजोड्ने परम्परागत सोचले दीर्घकालीन समाधान दिन सकेको छैन।

स्थानीय जनप्रतिनिधिको भूमिका : राहतमा सीमित सोच कि दीर्घकालीन नेतृत्व स्थानीय तहका जनप्रतिनिधिले छुट्याउन नसक्दा विपत्को पहिलो र सबैभन्दा नजिकको सरकार स्थानीय तह हो भन्ने महसुस पीडितले गर्न पाएनन्। प्रभावित नागरिकको वास्तविक अवस्था, विस्थापितको लगत र स्थानीय भूगोलको संवेदनशीलता स्थानीय जनप्रतिनिधिले जति अरूले बुझ्न सक्दैनन्। तर, तीन महिना फुदासमेत कतिपय स्थानीय नेतृत्व स्थायी पुनर्स्थापनाको स्पष्ट गुरुयोजना, सुरक्षित जग्गा व्यवस्थापन र सङ्घ तथा प्रदेश सरकारसँग निर्णायक पहल गर्नुको सट्टा राहत वितरण, दातृ निकायका कार्यक्रम र अस्थायी सहयोगको व्यवस्थापनमै रमाइरहेको देखिनु विडम्बनापूर्ण छ। राहत बाँड्नु, दातृ संस्थासँग समझदारी गर्नु वा अस्थायी सहयोग जुटाउनु विपत्को सुरुवाती चरणमा आवश्यक काम अवश्य हो। तर, लामो समयसम्म त्यही घेरामा सीमित रहँदा जनप्रतिनिधि दीर्घकालीन समाधानकर्ताभन्दा बढी राहत सहजकर्ताजस्ता मात्र देखिएका छन्।

स्थानीय जनप्रतिनिधिको यस्ता कार्यले पीडितलाई आत्मनिर्भर र सुरक्षित जीवनतर्फ होइन, परनिर्भरता र अनिश्चिततातर्फ धकेलिरहेको छ। दातृ संस्थाका परियोजना छरपस्ट वा अस्थायी प्रकृतिका हुँदा स्थानीय आवश्यकताअनुसार एकीकृत पुनर्निर्माण हुन सकेको छैन र सङ्घीय सरकारलाई दबाब दिने र स्थानीय स्रोत साधन परिचालन गर्ने राजनीतिक इच्छाशक्ति कमजोर देखाउँछ।

अबको बाटो : बाढी प्रभावितको पुनर्स्थापनालाई एउटा प्रशासनिक काम मात्र नमानी मानवीय मर्यादा, जलवायु न्याय र सुरक्षित भविष्यको सवालका रूपमा लिनुपर्छ। यसका लागि केही ठोस कदम अपरिहार्य छन्।

समयसीमासहितको पुनर्वास कार्ययोजना : कुन बस्तीलाई कहाँ, कहिले र कुन मोडेलमा सार्ने भन्ने स्पष्ट समयतालिका सार्वजनिक गरिनुपर्छ।

जीविकोपार्जन र आवाससँगसँगै व्यवस्थापन : सुरक्षित जग्गा र घरसँगै कृषि, पशुपालन, व्यापार, पर्यटन वा वैकल्पिक सिप तथा रोजगारीका अवसर नजोडेसम्म पुनर्वास दिगो हुँदैन।

जोखिम संवेदनशीलता र समावेशी पुनर्निर्माण : भविष्यका बाढी, पहिरो र हिमताल-पहिरो जोखिमलाई ध्यानमा राख्दै बालबालिका, ज्येष्ठ नागरिक, महिला र अपाङ्गता भएका व्यक्तिमैत्री आवास तथा सेवा सुनिश्चित गरिनुपर्छ।

स्थानीय नेतृत्वको जवाफदेहिता : जनप्रतिनिधिले दातृ सहयोगको स्वागत र समन्वयसँगै आफ्नै तहबाट भू-उपयोग योजना, लागत साझेदारी र स्थायी पुनर्स्थापनाको अनुगमनलाई पहिलो प्राथमिकता बनाउनुपर्छ। तीन महिना लामो पीडा र प्रतीक्षा अब अन्त्य हुनुपर्छ। विपत् प्रकृतिले निम्त्याएको हुन सक्छ, तर विपत्पछिको अलमल र बेवास्ता मानवीय तथा संस्थागत कमजोरी हो। त्रिशूलीकिनारका विस्थापितले अब राहतको पोको होइन, सुरक्षित भविष्यको जग खोजिरहेका छन्।

क्याबिनेट सेक्रेटरी, लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ आई नेपाल, विदुर-४ बट्टार

ढुङ्गेबजार बन्यो अस्थायी बसपार्क



विदुर । गत भदौ १० गते भोटेकोसीमा बाढी आउनुभन्दा अघिसम्म सवारीसाधन जाम हुने ढुङ्गेको पेट्रोल पम्प चोक अहिले अस्थायी बसपार्क बनेको छ । यातायात व्यवसायी र स्थानीयवासीले पेट्रोल पम्प चोकसँगै यातायात साधनको पार्किङस्थल बनाएका छन् । भोटेकोसी-त्रिशूली नदीमा आएको विध्वंसकारी हिमबाढीले नुवाकोटको त्रिशूलीतटीय क्षेत्रको स्वरूप नै बदलिदिएपछि त्यसो गर्नुपरेको विदुर- १ का वडासदस्य राम श्रेष्ठले जानकारी दिनुभयो ।

बाढीअघिको विदुर- १, ढुङ्गेमा कार्यालय समयमा सवारीसाधन रोक्न निषेध गरिएको थियो । बजार क्षेत्रमा सडक जाम हुने भएकाले ट्राफिक प्रहरीले ओर्लने, उक्लनेबाहेक अन्य प्रयोजनका लागि सवारीसाधन रोक्नलाई निषेध गरेको थियो । रसुवा प्रवेश गर्ने सडक रहेको ढुङ्गेसँगै त्रिशूली नदी पार गर्ने दुई पक्की मोटरेबल पुल थिए । ढुङ्गेसँगैको गुम्बाबाट झोलुङ्गे पुल असोज अन्तिमदेखि सञ्चालनमा आएपछि त्रिशूलीपारिका बासिन्दाको आवतजावत हुन थालेको छ ।

ढुङ्गेको सडकभन्दा माथिल्लो भाग बाढीले नछोएको र केही सुरक्षित रहेकाले स्थानीय व्यवसायीले घर, पसल, कवल सफा गरेर बस्न र व्यवसाय सञ्चालन गर्न सुरु गरिसकेका छन् । सरकारले पुनर्स्थापनाका बारेमा कुनै योजना नल्याएपछि बाढीले पूर्ण क्षति पुऱ्याएको बट्टारको तल्लो क्षेत्र देवीघाट, वेत्रावती र त्रिशूलीबजारको माथिल्लो भागमा स्थानीयवासीले बाँकी रहेका घर, पसल सफा गरेर बस्न र व्यवसाय सञ्चालन सुरु गरिरहेको नागरिक समाज नुवाकोटका अध्यक्ष बद्री तिवारीले 'त्रिशूली प्रवाह' साप्ताहिकलाई जानकारी दिनुभयो ।

बाढीपछिको यातायात व्यवस्थापनमा आएको परिवर्तनसँगै ढुङ्गेबजार अहिले यात्रु तथा सवारीसाधनको अस्थायी आवागमन केन्द्र बनेको स्थानीय नवीनकृष्ण राजभण्डारीले बताउनुभयो ।

त्रिशूलीलाई पुरानै बहाबमा फर्काऔँ, स्थानीयवासीको थातथलो जोगाऔँ



गत भदौ १० गते भोटेकोसी-त्रिशूली नदीमा आएको विनाशकारी हिमबाढीले त्रिशूली नदीको प्राकृतिक बहाबमा ठुलो परिवर्तन ल्याएको छ । बाढीपछि त्रिशूली नदी आफ्नो पुरानो बहाब क्षेत्रभन्दा करिब एक सयदेखि दुई सय मिटर माथिल्लो भागबाट बगिरहेको वर्तमान अवस्था देखिन्छ । यसले नदीको प्राकृतिक स्वरूप मात्र होइन, आसपासका बस्ती, खेतीयोग्य जमिन, सडक, पुल, घर तथा स्थानीय बासिन्दाको जीवनमा समेत गम्भीर असर पारेको छ । यो विपत्तिलाई केवल नदीको बहाब परिवर्तन भएको घटनाका रूपमा मात्र हेर्न मिल्दैन । यससँग हजारौँ स्थानीयको जीवन, पुस्तौँदेखि बसोबास गर्दै आएको थातथलो, पुर्खाले जोडेको सम्पत्ति, खेतीपाती, सामाजिक सम्बन्ध र भविष्य जोडिएको छ ।

स्थानीय बासिन्दाका लागि घर भनेको केवल इँटा, ढुङ्गा र माटोले बनेको संरचना होइन । त्यो उनीहरूको पुर्खाको इतिहास हो, बाल्यकालको सम्झना हो, जीवनभरको मिहिनेत र पसिनाले निर्माण गरेको सम्पत्ति हो । पुस्तौँदेखि बस्दै आएको आफ्नो गाउँ, खेतबारी र घरआँगन छाड्नुपर्ने अवस्था सिर्जना हुनु उहाँहरूका लागि अत्यन्त पीडादायी विषय हो । बाढीले भौतिक संरचना मात्र होइन, मानिसको सपना, आशा र सुरक्षित भविष्यसमेत प्रभावित बनाएको छ । त्यसैले अब सरकारले त्रिशूली नदीलाई सम्भव भएसम्म पुरानै प्राकृतिक बहाब क्षेत्रमा फर्काउने योजनालाई प्राथमिकताका साथ अघि बढाउनुपर्छ । यसका लागि सम्बन्धित प्राविधिक तथा भूगर्भविद्बाट तत्काल स्थलगत अध्ययन र आवश्यक मूल्याङ्कन गराउनुपर्छ । अध्ययनबाट सम्भव देखिएमा करिब १२ देखि १५ वटा निर्माण कम्पनीलाई नदीको उपयुक्त खण्डअनुसार एक-एक किलोमिटर क्षेत्रको जिम्मेवारी दिएर आवश्यक उत्खनन तथा व्यवस्थापनको काम गर्न सकिन्छ । उत्खननबाट निस्कने ढुङ्गा, गिट्टी, बालुवा तथा अन्य सामग्रीको सुरक्षित निकास र व्यवस्थापनको स्पष्ट व्यवस्था पनि सरकारले गर्नुपर्छ । व्यवस्थित योजना, पर्याप्त स्रोत परिचालन र प्रभावकारी समन्वयबाट त्रिशूलीको पुरानो बहाब क्षेत्र पुनर्स्थापना गर्ने सम्भावनाको खोजी गर्न सकिन्छ । तर, नदीको बहाब फर्काउने प्रयाससँगै बाढीबाट प्रभावित स्थानीयको घरजग्गा, सम्पत्ति र बस्तीको पुनर्निर्माणलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्छ । नदीको पुरानो बहाब क्षेत्र सुरक्षित गर्न सकिने स्थानमा आवश्यक संरक्षण तथा पुनर्निर्माणका काम अघि बढाउनुपर्छ । जोखिमयुक्त क्षेत्रमा भने स्थानीयको जीवन र सुरक्षालाई पहिलो प्राथमिकतामा राख्दै उचित पुनर्वास, क्षतिपूर्ति र जीविकोपार्जनको व्यवस्था गर्नुपर्छ ।

सरकारले स्थानीय जनताको आवाज सुन्नुपर्छ । उहाँहरूको वास्तविक क्षति, आवश्यकता र भावनालाई बुझेर योजना बनाउनुपर्छ । सदियौँदेखि बसोबास गर्दै आएको आफ्नो थातथलो जोगाउन चाहने नागरिकको भावनालाई बेवास्ता गरेर कुनै पनि पुनर्निर्माण योजना सफल हुन सक्दैन । आज स्थानीयले आफ्नो घर, खेतबारी र भविष्य जोगाइदिन सरकारसँग आशा गरिरहनुभएको छ । उहाँहरू केवल राहतको प्रतीक्षामा हुनुहुन्न, उहाँहरू आफ्नो जीवन फेरि पुरानै लयमा फर्किएको हेर्न चाहनुहुन्छ । आफ्नै गाउँमा सुरक्षित रूपमा बस्न, आफ्नो जमिनमा खेती गर्न र आफ्ना सन्तानलाई त्यही माटोमा भविष्य निर्माण गर्ने अवसर दिन चाहनुहुन्छ । यो केवल त्रिशूली नदीको बहाब व्यवस्थापनको विषय होइन; यो स्थानीय नागरिकको सम्पत्ति, अधिकार, पहिचान र पुस्तौँदेखिको सभ्यताको संरक्षणसँग जोडिएको विषय हो ।

सरकारले ढिलाइ नगरोस् । त्रिशूलीको प्राकृतिक बहाब पुनर्स्थापनाको सम्भाव्यता अध्ययन गरोस्, प्रभावित बस्तीको पुनर्निर्माण गरोस् र स्थानीय जनताको घर, सम्पत्ति तथा थातथलो जोगाउन ठोस कदम चालोस् । किनकि नदीको बाटो व्यवस्थित गर्नु जति आवश्यक छ, त्यति नै आवश्यक आफ्नै माटोमा सुरक्षित र सम्मानपूर्वक बाँच्न पाउने जनताको अधिकार जोगाउनु पनि हो । त्रिशूली बचाऔँ, स्थानीयको थातथलो जोगाऔँ, प्रभावित जनताको भविष्य पुनर्निर्माण गरौँ । **विदुर–१३, हर्कपुर, नुवाकोट, हाल : काठमाडौँ, एभरेष्ट नेपाल कल्चरल ग्रुपका संस्थापक अध्यक्ष हुनुहुन्छ ।**

व्रतले धर्म हुने होइन

पाठकपत्र



बाबुराम अधिकारी

काभ्रेपलाञ्चोक जिल्लाको बनेपा-धुलिखेल जाने बाटोमा धनेश्वर मन्दिर पर्छ । सो महादेव मन्दिरमा लाग्ने मेला नेपालभर प्रसिद्ध छ । वि.सं. २००७ मा कोलकाताबाट फर्केपछि फागुन महिनामा पर्रेको शिवरात्रिको अघिल्लो दिन म मेरा दुई दिदी चन्द्रकुमारी र चुत्रकुमारी, डाँडाघरकी ठुली दिदी (फुपू) बाटुली र पुरानो घरकी दुल्है आमा (बगुवाका शिवगुरुकी माइजू सासू) लिएर म धनेश्वरका लागि हिँडें । हामी काठमाडौँस्थित घण्टाघरबाट लहरीमा चढी जनही ५० पैसा तिरेर साँगा भन्ज्याङसम्म गयौँ र त्यहाँबाट धनेश्वरतिर लाग्यौँ । साँगा भन्ज्याङको उकालो लाग्न लाग्दा म भोकले गलित भएँ । अनि दिदीहरूले भन्नुभयो, 'तिमी १५ वर्षका केटाकेटी नै छौ, तिमीले खान हुन्छ ।' त्यसपछि उहाँहरूले मलाई चिउरा, चिनी र घिउ खान दिनुभयो र मैले मजासँग खाएँ ।

हामी त्यहाँबाट हिँडेर धनेश्वर पुग्यौँ र राति त्यहीं बत्ती बालेर पूजा गरी बस्यौँ । त्यसबखत त्यहाँ २०-२५ धर्मात्मा महिला पुगेका रहेछन् । मेरा ससुराली खलकका महिलाहरू पनि नखाई भोकै गएका रहेछन् । 'गोदान नगरी के खानु' भन्ने लागेर उनीहरू त्यत्तिकै बसिरहेका थिए । मैले गोदान गराउन जानेको थिएँ र गराइदिएँ, अनि दक्षिणा पनि पाएँ ।

मन्दिर दर्शन गर्दा अरूहरूले के-के वर मागे मलाई थाहा भएन, तर मैले भने 'मलाई म्याट्रिकुलेसन (पछि एसएलसी/एसइईसरह) पास गराइदिनोस् भगवान्' भनेर मागें ।

त्यसबखत मेरा बा जनरल दमनशमशेर राणा, जो कोलकातामा कन्सुलेट जनरल हुनुहुन्थ्यो, काम गरी बस्नुहुन्थ्यो । त्यसपछि म पनि कोलकाता गएँ र २०१० सालमा म्याट्रिक पास गरी काठमाडौँ फर्कें । त्यसपछि जब-जब म धनेश्वर गएँ, गाडी रिजर्भ गरेर नै गएँ र त्यसले द्यौता थानसम्म पुऱ्याइदिने गर्थ्यो ।

यसपालि भने धनेश्वर महादेवले राति सपनामा 'मेरो दर्शन गर्न आइज' भनी बोलाउनुभयो । विदेशबाट फर्केपछि म प्रायः धनेश्वर पुगेकै हुन्छु, हालसम्म करिब १५ चोटि त पुगो हुँला । वि.सं. २०८३ साउन २५ गतेचाहिँ सोमबार परेकाले गाडी भाडामा लिएर चालकसहित मेरी धर्मपत्नी र भतिजा राममणिकी दुलही अर्थात् मेरी बुहारी शारदा खतिवडासमेत गएका थियौँ, तर त्यहाँ दर्शन गर्न जाने भक्तालु १५-२० हजार पुगेका रहेछन् र पुलिसले माथि मन्दिरसम्म गाडी जान दिएन । म ९२ वर्षको बुढो मान्छे, त्यस उकालोमा हिँडेर जानुपऱ्यो, तैपनि महादेवको दर्शन गरेर नै फर्कें ।

मैले धनेश्वरको दर्शन गर्न जाँदा बाटामा खाएर गए पनि भगवान्ले मेरो मनोकामना पूरा गरिदिनुभएकाले त्यस दिनदेखि 'नखाएर धर्म हुने होइन' रहेछ भन्ने ज्ञान मलाई भयो । 'परोपकाराय पुण्याय, पापाय परपीडनम्'को भावना बोकी दुःखी, अनाथ र वृद्धवृद्धाको सेवा गर्नुपर्ने रहेछ भन्ने लागेर मैले सोहीअनुरूप नै काम गर्दै आइरहेको छु । मैले यसपालिचाहिँ मेरी ९१ वर्षीया पत्नी कृष्णकुमारीको बिर्सने रोग निको होस् भनी भगवान्सँग वर मागेको छु । हेर्यौं, उनले पुऱ्याउने नै छन् । **वि.सं २०८३ कात्तिक १७ तारकेश्वर–५ कल्लेरी डाँडा, हाल :विदुर–४ भीमसेनमार्ग पुरानो पाटी, बट्टार, नुवाकोट**

संरक्षणको पर्खाइमा 'लहरेपौवा'



कालिकास्थान । नेपाल एकीकरण अभियानसँग जोडिएको रसुवा जिल्ला, उत्तरगया- ५, माझगाउँस्थित ऐतिहासिक पौवाघर संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ । वि.सं. २०७२ को गोरखा भूकम्पपछि थप जोखिममा परेको यस सम्पदाको समयमै मर्मत तथा सम्भार हुन नसक्दा ऐतिहासिक अस्तित्व नै मेटिने चिन्ता बढेको स्थानीय हेमनाथ खतिवडाले बताउनुभयो ।

गोसाईंकुण्ड तीर्थयात्राको पुरानो पदमार्गमा पर्ने यो पौवाघर लामो समयदेखि बेवारिसेजस्तै बनेको स्थानीयको गुनासो छ । ऐतिहासिक महत्त्व बोकेको संरचना भत्किने अवस्थामा पुग्दा पनि सरोकारवाला निकायको पर्याप्त ध्यान नपुगेको स्थानीय अगुवा बताउँछन् । उत्तरगयाका अध्यक्ष माधव अर्यालले ऐतिहासिक आस्था र पहिचान बोकेको यस धरोहरलाई जीवन्त राख्न पालिकाले आवश्यक पहल गरिरहेको बताउनुभयो । वडा नं. ५ का वडाध्यक्ष यमनाथ आचार्यले सीमित स्रोत र साधनबिच सम्पदा संरक्षणका लागि प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय भइरहेको जानकारी दिनुभयो ।

ऐतिहासिक दस्ताबेज तथा स्थानीय किंवदन्तीअनुसार राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियानका क्रममा युद्धमा विजय प्राप्तिको कामनासहित धैबुङमा बस्ने सिद्ध योगी अगस्तिबाट खड्गसिद्धि प्राप्त गरेका थिए । सोही उपलब्धिका लागि कृतज्ञतास्वरूप शाहले अगस्तिलाई वेत्रावतीदेखि माथिको धैबुङ गाउँ सदावर्त गुठीका रूपमा बिर्ता दिएको इतिहास छ । सिद्ध योगी अगस्तिले आफ्नी धर्मचेली गौरादेवीलाई उक्त भूमि कुश बिर्ता प्रदान गर्नुभएको थियो ।

गौरादेवीले वेत्रावतीमा राममन्दिर निर्माण गरी नियमित पूजापाठ गर्ने र वेत्रावतीको माथिल्लो भाग माझगाउँमा पौवाघर बनाई गोसाईंकुण्ड आउजाउ गर्ने तीर्थयात्रीलाई सातु-सामल तथा बासको व्यवस्था मिलाउने सर्तमा उक्त गुठी प्राप्त गरेकी थिइन् ।

निर्माण सामग्री पसल शनिबार बन्दलाई निरन्तरता

विदुर । नुवाकोट जिल्लामा विगत दुई वर्षदेखि शनिबार बन्द रहँदै आएको निर्माण सामग्री पसललाई नुवाकोट निर्माण सामग्री व्यवसायी सङ्घले निरन्तरता दिने निर्णय साधारणसभाबाट गरेको छ । सङ्घको शनिबार सम्पन्न १५औँ वार्षिक साधारणसभाले हार्डवेयर र गोदाम पसल शनिबार बन्द गर्ने विगतको निर्णयलाई निरन्तरता दिने प्रस्ताव पारित गरेको उपाध्यक्ष शैलेन्द्र श्रेष्ठले जानकारी दिनुभयो ।

सङ्घको शनिबार विदुरमा भएको सभाको उद्घाटन नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य एवम् नुवाकोट उद्योग वाणिज्य सङ्घका निवर्तमान अध्यक्ष ताराबहादुर कार्कीले गर्नुभएको थियो । उहाँले व्यवसायीलाई कम्पनीले तोकेको मूल्यमा सामग्री बिक्री गरी सामाजिक उत्तरदायित्व बहन गर्न सुझाव दिनुभयो । सो सभामा नुवाकोट उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजेन्द्र श्रेष्ठ, पूर्वअध्यक्ष शरणउत्सुक सापकोटा, निर्माण सामग्री व्यवसायी सञ्जीव थपलियालगायतले हार्डवेयर व्यवसायी एकजुट भएर उपभोक्तालाई सहज रूपमा गुणस्तरका निर्माण सामग्री बिक्री-वितरण गर्नुपर्नेमा जोड दिनुभएको थियो । सभामा अध्यक्ष नवीनकृष्ण राजभण्डारीले सङ्घ वर्तमान अवस्था, भावी कार्यक्रम र कोषाध्यक्ष विष्णु प्याकुरेलले आय-व्यय विवरण प्रस्तुत गर्नुभएको थियो । सो प्रस्ताव छलफलसहित पारित भएको छ ।

शनिबार जिल्लाभरिका हार्डवेयर पसल तथा गोदाम पूर्ण रूपमा बन्द गर्ने निर्धारित नियम उल्लङ्घन गर्ने व्यवसायीलाई जरिवाना गराइनेसमेत निर्णय भएको छ । गत आवमा सङ्घको निर्णयलाई अपहेलना गर्दै शनिबार पसल तथा गोदाम खोल्ने व्यवसायीलाई रु. आठ हजार जरिवाना गरिएको कोषाध्यक्ष प्याकुरेलले बताउनुभयो । गत भदौ १० गतेको बाढीमा परी न्यु बुद्ध हार्डवेयर विदुर- १०, वेत्रावतीका प्रोपाइटर खिलराज भट्टराई, उत्तरगया हार्डवेयर विदुर- १०, वेत्रावतीका प्रोपाइटर भरत भट्टकी श्रीमती कल्पना भट्ट र त्रिशूली हार्डवेयर पसल विदुर- १, त्रिशूलीका प्रोपाइटर प्रितम शाक्यका बुवा चक्रराज शाक्य बेपत्ता र पसल, गोदाम पूर्ण क्षति भएको जानकारी अध्यक्ष राजभण्डारीले दिनुभयो । बाढीले बागमती तारजाली उद्योग विदुर- १०, भैंसे, इन्द्रायणी ग्याबिन बक्स प्रा.लि. विदुर- १, सिमुटार, अध्यक्ष राजभण्डारीको मनकामना इन्टरप्राइजेज विदुर- १, ढुङ्गे, माता मनकामना सप्लायर्स विदुर- १ ढुङ्गे, राज हार्डवेयर विदुर- १, त्रिशूली, गरिमा प्लास्टिक उद्योग विदुर- ६, देवीघाट सिँचाइ, न्यु खतिवडा हार्डवेयर विदुर- ५, देवीघाट, घिमिरे हार्डवेयर विदुर- ५, देवीघाट पूर्ण क्षति र लामिछाने हार्डवेयर विदुर- १, ढुङ्गे आंशिक क्षति भएको कार्यक्रममा जानकारी गराइएको थियो ।

सातदिने सूचना

नुजि विदुर नपा- २ को कित्ता नम्बर ४८९ को क्षेत्रफल २-८-१-१ को जग्गामा **जम्बा इन्जिनियरिङ मेटल उद्योग स्थापना** गर्न लागिएको हुँदा सो उद्योगले त्यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक र रासायनिक तथा जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा सो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र स्थानीयले लिखित राय-सुझाव भए दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

राय-सुझाव दिने स्थान : वि.न.पा. वडा नं. २ को कार्यालय, नुवाकोट उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय, विदुर, नुवाकोट

निवेदक : नाम : सनिव राई, **ठेगाना** : विदुर- २, धरमपानी, नुवाकोट

सम्पर्क नम्बर : ९८६९०२६७०८

सातदिने सूचना

नुजि विदुर नपा- २ को कित्ता नम्बर १७४० को क्षेत्रफल १०-९-२-२ को जग्गामा गाई, भैंसी, बाख्रा र कुखुरापालन गर्ने उद्देश्यले **नागपानी भगवती कृषि तथा पशुपन्छी फर्म** स्थापना गर्न लागिएको हुँदा सो फर्मले त्यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक र रासायनिक तथा जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा सो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र स्थानीयले लिखित राय-सुझाव भए दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

राय-सुझाव दिने स्थान : वि.न.पा. वडा नं. २ को कार्यालय, नुवाकोट उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय, विदुर, नुवाकोट

निवेदक : **नाम** : मीरा वस्ती, **ठेगाना** : विदुर- २, बाहुनडाँडा, नुवाकोट

सम्पर्क नं. : ९८४१५०३२५९

बबिनको जिम्मामा भलिबल सङ्घ



विदुर । नुवाकोट जिल्ला भलिबल सङ्घको छैटौं जिल्ला अधिवेशनले बबिन श्रेष्ठलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको छ । सोमबार विदुरमा सम्पन्न अधिवेशनबाट कार्यसमितिका उपाध्यक्षद्वयमा विक्रम थापा र पाल्देन लामा तथा सचिवमा दीपकुमार श्रेष्ठ, कोषाध्यक्षमा राजकुमार शाही र सदस्यमा उत्सव थापा, शैलेन्द्र शाह, रूपा श्रेष्ठ, कुन्जन नेपाली, भेषबहादुर पाण्डे, सरोज श्रेष्ठलाई चयन हुनुभएको छ ।







भोटेकोसी बाढीबाट क्षतिग्रस्त त्रिशूली क्याम्पस
पठनपाठनका लागि एनसेलको सहयोग

विदुर । एनसेल फाउन्डेसनले नुवाकोटको विदुर- १, त्रिशूलीबजारस्थित त्रिभुवन त्रिशूली बहुमुखी कजेलको पठनपाठन पुनः सञ्चालनका लागि शैक्षिक पूर्वाधार सहयोग प्रदान गर्ने भएको छ । सहयोग गर्न एनसेल फाउन्डेसनले विदुर नगरपालिकासँग समझदारीपत्रमा हस्ताक्षर गरेको छ । यो सहयोगबाट बाढीपछि पठनपाठन ठप्प भएका तीन सयभन्दा बढी विद्यार्थी फेरि कक्षामा फर्कन सक्नेछन् ।

विदुरका नगरप्रमुख राजनलाल श्रेष्ठ र एनसेल फाउन्डेसनकी निर्देशक विशाखालक्ष्मी खड्काले गत हप्ता नगरपालिका कार्यालयमा यससम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको जानकारी कलेजका प्रिन्सिपल रिता पछाईले दिनुभयो । बाढीले कलेजको संरचनामा पूर्ण क्षति पुऱ्याएपछि तीन सयभन्दा बढी विद्यार्थीको अध्ययन प्रभावित भएको छ । नगरपालिका र कलेज व्यवस्थापनसँगको सहकार्यमा एनसेलले नियमित कक्षा सञ्चालनका लागि ३२ वटा कक्षाकोठाको भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्नेछ । बाढीपछि कलेज विदुर- ९ स्थित नेपाल विद्युत् प्राधिकरणको जग्गामा (विगतमा स्टार बोर्डिङ स्कुल सञ्चालनमा रहेको हाल खाली रहेको भवनमा) रहेको खाली भवनमा कक्षा सञ्चालन सुरु गरेको थियो । कलेज सञ्चालनका लागि



आवश्यक कम्प्युटर र फर्निचरलगायत सुविधा पनि उपलब्ध गराउने सम्झौतामा उल्लेख छ । कलेज सञ्चालन भएको भवन पुरानो र जीर्ण रहेकाले मर्मत-सम्भार, कम्पाउन्डवाल निर्माण, रङ्गरोगन, विद्युत् वाइरिङ र छानामा फल्सिलिङ गर्नुपर्ने अवस्था रहेकाले सम्झौताअनुसार निर्माण कार्य भइरहेको कलेज प्रमुख पछाईले बताउनुभयो ।

सम्झौता कार्यान्वयन भएपछि विद्यार्थीलाई सहज अध्ययन वातावरण तयार हुने र विद्यार्थीको शिक्षामा थप अवरोध नआउने अपेक्षा गरिएको छ । 'हाम्रो क्याम्पसको कक्षा सञ्चालनका लागि अति आवश्यक शैक्षिक पूर्वाधार सहयोग गर्नुभएकोमा हामी एनसेल फाउन्डेसनप्रति धेरै आभारी छौं । यो सहकार्यलाई उच्च मूल्याङ्कन गर्दै हामी नगरपालिकाका अन्य क्षेत्रमा पनि शैक्षिक सहयोग विस्तार गर्न सँगै काम गर्न चाहन्छौं,' नगरप्रमुख श्रेष्ठले भन्नुभयो । शिक्षा क्षेत्र एनसेल फाउन्डेसनको प्राथमिकतामा रहँदै आएको छ र यो पहलले समुदायसँग नजिक रहेर उहाँहरूको आवश्यकताअनुसार काम गर्ने फाउन्डेसनको शैलीलाई पनि झल्काउँछ । 'हामी बाढी प्रभावित क्षेत्रमा शैक्षिक सहयोग विस्तार गर्न प्रतिबद्ध छौं । यस्ता कार्यका लागि प्रतिबद्धता मात्र पर्याप्त हुँदैन । प्रभावित स्थलमै गएर स्थानीय समुदाय र निकायसँग हातेमालो गरेर काम गर्नुपर्छ । विदुरसँगको यो सहकार्य हाम्रो पहलको सुरुवात मात्र हो । हामी स्थानीय साझेदारसँग मिलेर अन्य विद्यालय तथा क्याम्पसको पहिचान गरी सहयोग गर्नेछौं,' एनसेल फाउन्डेसनकी निर्देशक खड्काले भन्नुभयो ।

एनसेलले भोटेकोसी बाढीपछि तत्काल प्रभावितको राहत तथा उद्धार कार्यका लागि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा रु. एक करोड नगद सहयोग प्रदान गरेको थियो । त्यसपश्चात् अब प्रभावित क्षेत्रमा सहयोगको आवश्यकता भएका विद्यालय तथा विद्यार्थीको सहयोगका लागि स्थानीय पालिकासँगको प्रत्यक्ष सहकार्य तथा समन्वयमा समुदायको तल्लोस्तरसम्म पुगेर काम सुरु भएको छ । यसको कार्यान्वयन हाम्रो साझेदार संस्था कर्मयोग फाउन्डेसनमार्फत हुनेछ । नगरपालिका र स्थानीय समुदायसँग मिलेर एनसेल र कर्मयोगले प्रभावित क्षेत्रमा आवश्यकता मूल्याङ्कन गर्नेछन् । यसबाट पठनपाठन पुनः सुरु गर्न र निरन्तरता दिन सहयोग आवश्यक रहेका अन्य विद्यालय तथा क्याम्पस पहिचान गरिनेछ ।

उत्तरगयाधाम ...

'पञ्चधाम सर्किट'का रूपमा समेत बुझ्ने गरिन्छ । तीनवटा जिल्लामा अवस्थित यी पाँचवटा प्राकृतिक, धार्मिक एवम् सांस्कृतिक महत्त्व बोकेका धामलाई 'पञ्चधाम सर्किट'का रूपमा विकास गरी व्यवस्थित धार्मिक पर्यटनमार्फत स्थानीय र राष्ट्रिय आयमा योगदान पुऱ्याउनु यस संस्थाको प्रमुख उद्देश्य हो । साथै, स्थानीय मौलिक कला, संस्कृतिको संरक्षण र प्राकृतिक सम्पदाको प्रचारप्रसार एवम् तीर्थयात्राका अनुभव आदानप्रदानका माध्यमबाट देशलाई समृद्धिको मार्गमा डोऱ्याउने पवित्र भावले यो संस्था स्थापना भएको हो । मानव धर्म र सामाजिक सेवाभावमा समर्पित यस संस्थाको मुख्य कार्यालय टोखा नगरपालिका- १, झोरमहाँकाल, काठमाडौंमा रहेको छ ।

पाँच धामको महिमा : सत्ययुगमा देवता र असुरबिच घमासान युद्ध भएको प्रसङ्ग हाम्रा धार्मिक ग्रन्थमा वर्णित छ । उक्त युद्धमा समुद्रमन्थन हुँदा प्रारम्भिक चरणमा महाविनाशकारी कालकुट विष उत्पन्न भएको थियो । कालकुट विषका कारण सम्पूर्ण सृष्टि नै खतरामा पर्ने देखेर देवताले विष नियन्त्रण गरी सृष्टिको संरक्षण गर्न भगवान् शिवको आराधना गरे । देवताको तपस्याबाट प्रभावित भई सृष्टिको रक्षाका हेतुले भगवान् शिवले उक्त शक्तिशाली एवम् जोखिमयुक्त कालकुट विष आफैंले ग्रहण गर्नुभयो । शिवले उक्त महाविनाशकारी विष आफ्नो घाँटीमा रोकेर राख्नुभयो । घाँटीमा अडुकिएको विषको जलनबाट आक्रान्त बनेका शिव छट्पटाउन थाल्नुभयो । तीव्र रूपमा बढेको विषको प्रभाव र डाहका कारण पशुपतिनाथबाट भौंतार्दै टोखामा अवस्थित बौडेश्वर, नुवाकोटको दुप्चेश्वर र वेत्रावतीको उत्तरगया हुँदै हिमाली काखमा रहेको गोसाइँकुण्ड पुनुभयो । गोसाइँकुण्ड पुगेर उहाँले बोक्नुभएको त्रिशूल बलपूर्वक पहाडमा प्रहार गरी जल उत्पन्न गराई सोही जल ग्रहण गरेर विषको डाह शान्त पार्नुभएको भन्ने धार्मिक विश्वास रहेको छ । विषपानको जलनबाट आक्रान्त बनेका शिवको यात्रा, विश्रामस्थल र लीला यिनै पाँच धामसँग प्रत्यक्ष सम्बन्धित रहेको मानिन्छ । प्राकृतिक, धार्मिक एवम् सांस्कृतिक दृष्टिकोणबाट समेत प्रसिद्ध यी पाँच धामको आ-आफ्नै पहिचान, विशेषता र महिमा रहेका छन् ।

पशुपतिनाथधाम (काठमाडौं) : पवित्र बागमती नदी तटमा अवस्थित आराध्यदेव पशुपतिनाथ विश्वभरका हिन्दुको आस्थाको धरोहरका रूपमा स्थापित सम्पदा हो । हिन्दु धर्मावलम्बीले पशुपतिनाथलाई भगवान् शिवको पवित्र धामका रूपमा आस्था एवम् श्रद्धा राख्छन् । विशिष्ट प्रकारको वास्तुकलाले सुसज्जित पशुपतिनाथ विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदा हो । धार्मिक आस्था, मौलिक संस्कृति र ऐतिहासिक गौरवको महत्त्व बोकेको यस मन्दिरको वास्तुकला, धार्मिक महत्त्व र सांस्कृतिक परम्परा विशेष प्रसिद्ध छन् । यही पवित्रधामबाट शिवको यात्रा प्रारम्भ भएको मानिन्छ ।

बौडेश्वर महादेवधाम (टोखा, काठमाडौं) : शिवपुरी राष्ट्रिय निकुञ्जको काखमा अवस्थित प्राकृतिक सौन्दर्य र शान्त वातावरणले सुसज्जित यो धाम काठमाडौंको उत्तरी क्षेत्रमा रहेको छ । विशाल चट्टान, गुफा र झरनाको त्रिकोणात्मक सङ्गमस्थलका रूपमा परिचित धामलाई शिवको विश्रामस्थलका रूपमा मानिन्छ । कालकुट विषबाट आक्रान्त शिव बौडेश्वर गुफामा विराजमान हुनुभएको जनविश्वास रहेको छ । धार्मिक आस्था, प्राकृतिक सौन्दर्य एवम् स्थानीय सांस्कृतिक पहिचानको संरक्षणका कारण बौडेश्वरधाम हिन्दु एवम् बौद्धमार्गीको आस्थाको केन्द्र बनेको छ । यहाँको पवित्र जलद्वारा पशुपतिनाथलाई अभिषेक गराउने प्राचीन परम्परा रहेको छ ।

दुप्चेश्वर महादेवधाम (नुवाकोट) : दोस्रो पशुपतिनाथका रूपमा पुजिने दुप्चेश्वर शिवको पूजा-आराधना गरिने प्रसिद्ध धाम हो । सूर्यकुण्डबाट उत्पन्न भई बगेको पवित्र तादी नदीको किनारमा विशाल प्राकृतिक चट्टानमा कलात्मक शिवलिङ्ग बनेको छ । यस अलौकिक धाममा सन्तान प्राप्ति, सुख, शान्ति एवम् समृद्धिको कामना गर्न बर्सेनि लाखौं भक्तजन पुग्ने गरेका छन् । दुप्चेश्वरमा रहेको प्राकृतिक शिवलिङ्गमा गाईको दुध र बेलपत्र अर्पण गर्नाले मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको छ । धार्मिक, ऐतिहासिक र प्राकृतिक रूपले सुसज्जित धाम नुवाकोट जिल्लाको महत्त्वपूर्ण तीर्थस्थलका रूपमा विकसित भएको छ ।

उत्तरगयाधाम/वेत्रावती (नुवाकोट/रसुवा) : त्रिशूलगङ्गा, रुद्रगङ्गा र वेत्रगङ्गाको त्रिवेणी हो उत्तरगयाधाम । रसुवा-नुवाकोटको सिमानामा रहेको धाम वेत्रावतीका नामले समेत परिचित छ । त्रिशूली नदी तटमा अवस्थित उत्तरगयाधाम नुवाकोट र रसुवा जिल्लाको सिमानामा रहेको छ । पहाडको फेदीमा अवस्थित यो क्षेत्र प्राकृतिक सौन्दर्यले निकै मनमोहक रहेको छ । धाममा पितृका सम्झनामा श्राद्ध, तर्पण एवम् पिण्डदान गर्नाले आफ्ना पितृले मोक्ष प्राप्त गर्ने जनविश्वास रहेको छ । पितृकार्यका साथै धार्मिक आस्था, ऐतिहासिक महत्त्व एवम् प्राकृतिक सुन्दरताले उत्तरगयाधाम महत्त्वपूर्ण तीर्थस्थलका रूपमा स्थापित भएको छ ।

गोसाइँकुण्डधाम (रसुवा) : समुद्री सतहबाट चार हजार तीन सय ८० मिटरको उचाइमा अवस्थित गोसाइँकुण्ड प्रसिद्ध धार्मिक एवम् पर्यटकीय गन्तव्य हो । हिन्दु धार्मिक मान्यताअनुसार समुद्र मन्थनका क्रममा उत्पन्न भएको कालकुट विष ग्रहणपछि आफ्नो घाँटीको जलन मेटाउन त्यहाँ पुगेका भगवान् शिवले आफ्नो हातमा रहेको त्रिशूल चट्टानयुक्त पहाडमा जोडले प्रहार गरी जल उत्पन्न गराएकाले त्यसै जलबाट गोसाइँकुण्डको उत्पत्ति भएको विश्वास गरिएको छ । शिवद्वारा उत्पन्न गराइएको यस पवित्र कुण्डमा स्नान गर्नाले सम्पूर्ण पाप नाश भई पुण्य प्राप्त हुने धार्मिक विश्वास रहेको छ । स्थानीय मौलिक परम्परा, हिमाली सौन्दर्य, धार्मिक आस्था एवम् मौलिक संस्कृतिको आनन्द लिन हिन्दु एवम् बौद्धमार्गी भक्तजन यो धामको यात्रामा सरिक हुने गरेका छन् । यो क्षेत्र प्राकृतिक सुन्दरताको अवलोकन गर्ने उद्देश्य बोकेका पर्यटकको आकर्षणको केन्द्रसमेत बनेको छ ।

मुख्य पर्वमा उपस्थिति र सेवा : 'श्री पञ्चधाम सर्किट'को महाअभियान केवल सस्तो प्रचार र क्षणिक लोकप्रियताका लागि मात्र नभई प्रभावकारी एवम् दीर्घकालीन योजना समेटेर अघि बढिरहेको छ । प्राकृतिक, धार्मिक एवम् सांस्कृतिक सम्पदाका माध्यमबाट मानवीय एवम् सामाजिक सेवाभाव राखी पाँचवटै धाम र त्यहाँका धार्मिक गतिविधिसँग साक्षात्कार गराउने कार्यमा सदैव सक्रिय रहेको कुरा यस संस्थाले गरेका कार्यबाट प्रमाणित भइसकेको छ । पञ्चधामअन्तर्गतका प्राकृतिक, धार्मिक एवम् सांस्कृतिक केन्द्रमा विभिन्न श्रद्धाभाव राखी उपस्थित हुने भक्तजनसँग सिधा सम्पर्क सूत्रमा जोडिन यस संस्थाले भरमग्दुर प्रयत्न गरिरहेको छ । ती धाममा गठित संरक्षण समितिसँग अनन्य सम्बन्ध स्थापित गरी भक्तजनको यात्रालाई सहज एवम् सुरक्षित बनाउने कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस संस्थाले ती धाममा लाग्ने मुख्य पर्व एवम् मेलालाई लक्षित गरी विविध सेवामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । संस्थाका पदाधिकारी एवम् स्वयम्सेवक परिचालन गरी मानवीय सेवाभावकेन्द्रित कार्यक्रमबाट धार्मिक पर्यटनको उत्थानमा सहयोग पुऱ्याइरहेको छ । स्थानीय सरकार, सामाजिक सङ्घसंस्था, विद्यालय, सहकारी संस्था, स्वास्थ्य संस्था आदिको सहकार्यमा यस संस्थाले आफ्ना गतिविधि प्रभावकारी ढङ्गले अघि बढाइरहेको छ । पर्यटक तथा भक्तजनको सेवाका लागि यस संस्थाले निम्नअनुसारका प्रमुख गतिविधि सञ्चालन गर्दै आएको छ ।

गोसाइँकुण्डधाम (जनैपूर्णिमा मेला) : गोसाइँकुण्डमा गङ्गा दशहरादेखि जनैपूर्णिमासम्म मेला लाग्ने गर्दछ । खासगरी जनैपूर्णिमाको दिन मेला भर्न देशका विभिन्न क्षेत्रबाट आउने भक्तजनको घुइँचो लाग्ने गर्दछ । भौगोलिक कठिनाइ पार गर्दै उक्त मेलामा पुग्ने हजारौं तीर्थयात्रीलाई हिमाली जाडो र लेक लाग्ने समस्याबाट राहत दिने उद्देश्यले 'श्री पञ्चधाम सेवा केन्द्र'ले तीन दिनसम्म निःशुल्क क्वाँटी, चिया र तातोपानी वितरण गर्दै आएको छ । जनैपूर्णिमाको अवसरमा गोसाइँकुण्ड क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी अत्यावश्यक स्वास्थ्य सेवासमेत उपलब्ध गराउँदै आएको छ । यस कार्यक्रमबाट बर्सेनि हजारौं पर्यटक एवम् भक्तजनले लाभ लिँदै आएका छन् ।

उत्तरगयाधाम, वेत्रावती (पौष औंसी) : कुसेऔंसी र पौष औंसीका दिन पितृकार्यका लागि उत्तरगयाधाममा विशेष मेला लाग्ने गर्दछ । खासगरी पौष औंसीमा आफ्ना पितृको उद्धारका खातिर हजारौं भक्तजनको उपस्थिति रहने गरेको छ । पौष औंसीमा श्राद्ध तथा तर्पणका लागि आउने हजारौं श्रद्धालु भक्तजनलाई लक्षित गरी 'श्री पञ्चधाम सेवा केन्द्र'ले निःशुल्क भोजन गराउने व्यवस्था मिलाउँदै आएको छ । पितृकार्य समापनपश्चात् भक्तजनलाई सात्विक भोजनबाट तृप्ति प्रदान गर्दै मानवीय सेवामा समर्पित हुनु यो संस्थाको महत्त्वपूर्ण कार्य मानिन्छ ।

दुप्चेश्वर महादेवधाम (धान्यपूर्णिमा मेला) : दुप्चेश्वरधाममा हरेक वर्ष धान्यपूर्णिमामा विशेष मेला लाग्ने गरेको छ । त्यसो त वर्षभरि नै खासगरी सोमबार यस धाममा भक्तजनको बाक्लो उपस्थिति देख्न सकिन्छ । 'श्री पञ्चधाम सेवा केन्द्र'ले धान्यपूर्णिमामा लाग्ने भव्य मेलालाई लक्षित गरी दर्शनार्थी एवम् भक्तजनको स्वास्थ्य सुरक्षाका लागि संस्थाले तीन दिनसम्म निःशुल्क स्वास्थ्य शिविर तथा औषधि वितरण कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

बौडेश्वर महादेवधाम (साउन महिनाको सोमबार) : बौडेश्वर महादेवधाममा साउन महिनाको सोमबार, तिज, वैकुण्ठ चतुर्दशीजस्ता पर्वमा मेला लाग्ने गर्दछ । साउन महिनाको प्रत्येक सोमबार यहाँ ठुलो मेला लाग्छ । यस धाममा दर्शन गर्न आउने भक्तजन तथा बोलबमका श्रद्धालुका लागि 'श्री पञ्चधाम सेवा केन्द्र' ले दिनभर निःशुल्क जुस, फलफूल र खानेपानी वितरण गर्दै आएको छ । संस्थाले स्वास्थ्य संस्थासँग समन्वय गरी निःशुल्क स्वास्थ्य शिविरसमेत सञ्चलन गर्दै आएको छ ।

पशुपतिनाथधाम (महाशिवरात्रि) : हिन्दुको आस्थाको केन्द्र पशुपतिधाममा वर्षभरि नै श्रद्धालु भक्तजनको उपस्थिति रहने गर्दछ । महाशिवरात्रि, तिज, बालाचतुर्दशीजस्ता पर्वमा विशेष मेला सञ्चालन हुने गर्दछ । 'श्री पञ्चधाम सेवा केन्द्र'ले पशुपति क्षेत्रमा खासगरी महाशिवरात्रिको पावन पर्वमा देश-विदेशबाट आउने लाखौं भक्तजनको स्वागत र सेवाका लागि आफ्नो विशेष उपस्थिति र सेवामूलक कार्य प्रस्तुत गर्दै आएको छ ।

४. 'पञ्चधाम सर्किट' र राष्ट्रिय अर्थतन्त्र निर्माणको दिशा : 'पञ्चधाम सर्किट'मा समेटिने पाँचवटै धाममा सञ्चालन हुँदै आएका नितान्त सेवामूलक मानवीय कार्यबाट स्थानीय बासिन्दा, सर्वसाधारण, श्रद्धालु भक्तजन तथा पर्यटकले पर्याप्त लाभ लिँदै आएका छन् । यस्ता सेवामूलक कार्यको उचित प्रचारप्रसार गर्न सके पर्यटक आवागमन अझै बढ्न जाने निश्चित नै छ । सर्किटका सेवामूलक महाअभियानबाट प्राकृतिक, धार्मिक एवम् सांस्कृतिक भ्रमणका लागि आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गरी महाअभियानमा अबद्ध गराउने प्रयास पनि हुँदै आएको छ । स्थानीय सरकारको सहकार्यबाट धामको व्यवस्थापन तथा विकासका योजना निर्माण गर्न सके ती धामको आकर्षण बढ्न सक्ने सम्भावनाको अध्ययन पनि हुँदै आएको छ । यस्ता प्रयासबाट स्थानीय कला र संस्कृतिको विकास, पर्यटकीय सम्भावनाको अभिवृद्धि तथा रोजगारीका असङ्ख्य सम्भावना बढ्ने निश्चित नै छ । देशको अर्थतन्त्रमा टेवा पुऱ्याउने र मानवीय सेवाभाव राख्ने जोकोही पनि सर्किटको महाअभियानमा संलग्न हुन सक्ने अवसर सिर्जना गरिएको छ । 'पञ्चधाम सर्किट'को महाअभियानमार्फत पञ्चधामसँग परिचित हुन र तिनको पौराणिक र ऐतिहासिक महत्त्व उजागर गर्न गरिएका प्रयास आगामी दिनमा सार्थक बन्ने नै छ । यस महाअभियानलाई मूर्त रूप दिन सरकारी तवरबाट प्रभावकारी योजना निर्माण हुनु जरुरी छ भने सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको हातेमालो पनि उत्तिकै आवश्यक छ ।

'पञ्चधाम सर्किट' महाअभियानका चुनौती : पछिल्लो समय मानिस मानवीय एवम् सामाजिक कार्यबाट टाढिएका छन् । व्यस्त जीवनशैली, आधुनिकप्रविधि, बढ्दोसहरीकरण तथा विश्वजनीन परिवेशका कारण मानवीय सेवामूलक कार्य छायामा परेका छन् । यस्तो अवस्थामा सेवा केन्द्रले अघि सारेको प्राकृतिक एवम् धार्मिक पर्यटन विकासको अभियानले साकार रूप लिन विभिन्न समस्या खडा भएका छन् । भौगोलिक विकटताका कारण गोसाइँकुण्डधाममा सहयोग सामग्री ढुवानीको कार्य चुनौतीपूर्ण छ । हिमाली हावापानीका कारण त्यस क्षेत्रमा बसाइको समस्या पनि रहन्छ । 'पञ्चधाम सर्किट'को महाअभियान सञ्चालनका लागि आवश्यक पर्ने आर्थिक व्यवस्थापनदेखि जनशक्ति परिचालनका कार्य निकै जटिल समस्याका रूपमा रहेको छन् । 'पञ्चधाम सर्किट' अभियानको सफलताबाट स्थानीयस्तरदेखि राष्ट्रिय अर्थतन्त्रमा पुग्ने टेवाबारे त्यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिमा ज्ञान गराउन सकिएको छैन । यो महाअभियानलाई विश्वभर फैलाई त्यसबाट अपेक्षित लाभ हासिल गर्न लामो समय लाग्ने देखिन्छ । अभियानका क्रममा स्थानीय सरकारसँग सहकार्य गर्न सहज भए तापनि अन्य सरकारी सङ्घसंस्थासँग उचित समन्वयको अभाव महसुस गरिएको छ । 'पञ्चधाम सर्किट' महअभियानमा समेटिएका महत्त्वाकाङ्क्षी योजना सम्पन्न गर्न लाग्ने करोडौं रकम व्यवस्थापन गर्नुपर्ने जटिल परिस्थितिलाई पनि नजरअन्दाज गर्न सकिँदैन ।

यस वर्ष भोटेकोसीमा आएको अकल्पनीय भीषण बाढीका कारण उत्तरगयाधाम क्षेत्रमा ठुलो जनधनको क्षति भएको छ । त्यहाँ ठुलो सङ्ख्यामा मानिसको मृत्यु भएको छ भने हजारौं मानिस अझै बेपत्ता छन् । त्यस क्षेत्रमा रहेका प्राकृतिक तथा भौतिक संरचना ध्वस्त भएका छन् । प्राकृतिक विपत्तिले मानवबस्ती र सभ्यता नै सखाप पारेपछि उत्तरगयाधामको अस्तित्व सङ्कटमा परेको छ । यसबाट 'पञ्चधाम सर्किट' महअभियानमा चुनौती थपिएको छ । बाढीले क्षतविक्षत उत्तरगयाधामको शीघ्रातिशीघ्र पुनरुत्थान गरी अझै व्यवस्थितधाम निर्माण गरिनु अपरिहार्य भएको छ । हरेक वर्ष पौष औंसीमा आफ्ना पितृउद्धारका लागि हजारौं श्रद्धालु भक्तजन आउने यो क्षेत्रको अवस्था विकराल बनेको छ । बाढीका कारण उत्तरगयाधामको मन्दिरपरिसर तथा वरपरका बस्ती बजारसमेत नभएकाले यस वर्ष मेला सञ्चालनमा समस्या हुने देखिन्छ । प्राकृतिक प्रकोपबाट तहसनहस भएको धार्मिक, ऐतिहासिक तथा व्यापारिक केन्द्रलाई आधुनिक शैलीबाट निर्माणकार्यमा जुट्ने अवसरका रूपमा लिनु आवश्यक देखिन्छ । यस कार्यका लागि सरकारी तदारुकताको खाँचो रहेको छ । जनस्तरबाट पुनर्निर्माणको आवाज बुलन्द गरी सकारात्मक सहयोगका लागि गोलबद्ध हुन ढिला गर्नुहुँदैन । यस वर्षको पौष औंसीमा लाग्ने धार्मिक मेलालाई लक्षित गरी तत्काल पुनर्निर्माणका कार्य अघि बढाउनु जरुरी छ ।

धार्मिक एवम् व्यापारिक केन्द्रका रूपमा रहेको उत्तरगयाधाम (वेत्रावती) लाई पुनर्जीवन दिने कार्यमा सेवा केन्द्रको संस्थागत प्रयास रहने नै छ । यस कार्यका लागि स्थानीय, प्रादेशिक तथा सङ्घीय सरकारसँग हातेमालो गर्न संस्था लालायित छ । यससम्बन्धी आवश्यक निर्णयका साथ संस्थाले बाढी प्रभावितका लागि राहत वितरण तथा पुनर्निर्माण कार्यमा सहयोग गरिरहेको छ । सबैको साथ र सहयोग भए मात्र 'पञ्चधाम सर्किट'अन्तर्गतको यो महत्त्वपूर्ण धामले छिट्टै आफ्नो मौलिक स्वरूप प्राप्त गर्ने विश्वस्त गर्न सकिन्छ ।

निष्कर्ष : केन्द्रले लक्षित गरेका पाँचवटै धामलाई एउटै पर्यटकीय र धार्मिक मार्गमा जोड्ने विशाल साङ्लो निर्माण गर्ने महाअभियानलाई सबैको साथ-सहयोग आवश्यक रहेको छ । यस महाअभियानमार्फत आन्तरिक तथा बाह्य धार्मिक पर्यटकको निरन्तर आवागमन बढाउन सकिएमा स्थानीय र राष्ट्रिय आयमा ठुलो योगदान पुग्ने निश्चित नै छ । धार्मिक पर्यटनका माध्यमबाट होटेल, होमस्टे, यातायात र स्थानीय उत्पादनको बजार विस्तारका कारण स्थानीय नागरिकका दैनिकी सहजतातर्फ जानुका साथै राष्ट्रिय अर्थतन्त्र मजबुत बन्न सहयोग मिल्नेछ । पाँचधामको एकीकृत प्रवर्द्धन गर्न ती धाममा आश्रयस्थल निर्माण गरी ती क्षेत्रको व्यवस्थित अध्ययन तथा अन्वेषणका लागि गुम्बा, गुरुकुल, सङ्ग्रहालय, प्रतीक्षालयलगायत भौतिक संरचना निर्माण गरिनुपर्दछ । यसै महाअभियानमार्फत प्राकृतिक सम्पदा एवम् सांस्कृतिक धरोहर संरक्षण गर्न सके भावी पुस्तालाई हाम्रो पहिचान कायम राख्न सहज हुने अपेक्षा गर्न सकिन्छ । यसरी प्राकृतिक, धार्मिक एवम् सांस्कृतिक पर्यटनमार्फत राष्ट्रको अर्थतन्त्रमा टेवा पुऱ्याउने अभियान चलाउनु नै केन्द्रको मूल सङ्कल्प हो । यस महाअभियानमा सम्पूर्ण देश-विदेशमा रहनुभएका श्रद्धालु भक्तजन, नागरिक समाज, स्थानीय निकाय र सरकारको पूर्ण सहयोग रहने विश्वास लिएका छौं । जय श्री पञ्चधाम, जय मानव सेवा । ***(लेखक 'श्री पञ्चधाम सेवा केन्द्र' नेपालका महासचिव हुनुहुन्छ ।)***

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय, नुवाकोट

प्रविधि (मेसिन औजार/उपकरण) हस्तान्तरणका लागि प्रविधि मागको प्रस्ताव आह्वान गरिएको सूचना

(प्रथमपटक सूचना प्रकाशित मिति : २०८३/०८/१०)

उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय, नुवाकोटको चालू आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार यस कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्योगहरूलाई उद्यमी र प्रदेश सरकारको (५०-५० प्रतिशत) लागत साझेदारीमा मेसिन औजार/उपकरण हस्तान्तरणसँग सम्बन्धित तपसिलबमोजिमका कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएकाले इच्छुक उद्योग/उद्यमीहरूलाई उल्लेखित कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (२०८३ साल पुस ९ गतेसम्म र अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) रितपूर्वक प्रविधि मागको प्रस्ताव पेस गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

क्र.सं.	स्वीकृत वार्षिक कार्यक्रम	लक्षित वर्ग तथा क्षेत्र	संलग्न हुनुपर्ने कागजातहरू
१.	लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धनका लागि मागमा आधारित प्रविधि हस्तान्तरण (उद्योगीको साझेदारी)	उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालयमा दर्ता भई नुवाकोट जिल्लामा सञ्चालनमा रहेका उद्योगहरूका लागि ।	• तोकिएको ढाँचाको निवेदन • उद्योग व्यवसाय दर्ता/नवीकरण • प्यान/भ्याट दर्ता प्रमाणपत्र • आ.व.२०८२/०८३ को करचुक्ताको प्रमाणपत्र • तालिम अनुभवको प्रमाणपत्रको प्रतिलिपि

प्राथमिकता/सर्तहरू

१. प्रविधि मागसम्बन्धी निवेदन प्रविधि हस्तान्तरणसम्बन्धी कार्यविधि, २०८१ को अनुसूची १ बमोजिम हुनेछ । निवेदन फारम यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।
२. यस कार्यालयबाट अनुदान प्राप्त गरेको तीन वर्ष व्यतित नभई पुनः प्रविधि हस्तान्तरण गरिनेछैन ।
३. महिला, दलित, मधेसी, अपाङ्ग, आर्थिक एवम् सामाजिक दृष्टिले पछाडि परेका आदिवासी जनजातिद्वारा सञ्चालित उद्योगलाई प्राथमिकता दिइनेछ ।
४. म्याद नाघी वा रित नपुऱ्याई पेस हुन आएका प्रस्ताव स्वीकृत गर्न कार्यालय बाध्य हुनेछैन ।
५. निवेदकले झुटा विवरण पेस गरेको पाइएमा वा जानकारी हुन आएमा ती प्रस्तावलाई मूल्याङ्कनमा समावेश गरिनेछैन ।
६. अन्य विषय प्रविधि हस्तान्तरणसम्बन्धी कार्यविधि, २०८१ बमोजिम हुनेछ ।
७. निवेदनबापतको दस्तुर रु. १००/- (एक सय रुपैयाँ मात्र) नेपाल बैंक लि. त्रिशूली शाखामा कार्यालय कोड ३०७०८२ ९०१३, राजस्व शीर्षक १४२२९ मा जम्मा गरेको सक्कल भौचर पेस गर्नुपर्नेछ ।
८. यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा ०१०-५६०००४, ९८५१३३९२०४ मा सम्पर्क गर्न सकिनेछ ।

भोटेकोसी बाढीमा ...

सरकार मन्त्रिपरिषद्को गत भदौ १५ गतेको निर्णय एवम् भोटेकोसी बाढी प्रभावितका लागि बसोबास र जीविकोपार्जन अनुदान रकम वितरण प्रक्रिया २०८३ समेतको आधारमा ६ महिनासम्मका लागि आवश्यक राहतस्वरूप चारजनासम्म सदस्य सङ्ख्या भएको परिवारलाई प्रतिपरिवार प्रतिमहिना रु. १५ हजार र सोभन्दा बढी सदस्य सङ्ख्या भएको परिवारका हकमा चारजनाभन्दा बढी प्रत्येक थप सदस्यका लागि प्रतिमहिना रु. दुई हजारका दरले वितरण गर्न आवश्यक रकम उपलब्ध गराउन विपत् व्यवस्थापन समिति र जिल्ला प्रशासन कार्यालयमा रकम माग गर्न १२ वटै पालिकालाई अनुरोध गरेको छ । विपत् व्यवस्थापन समितिले बाढी प्रभावितका लागि बसोबास र जीविकोपार्जन अनुदान रकम नियमअनुसार सम्बन्धित पालिकालाई उपलब्ध गराउन रु. २० करोड निकासाका लागि प्राधिकरणलाई पत्राचार गरेको छ।

त्यसैगरी, हिमबाढीमा परी रसुवा जिल्ला, गोसाईंकुण्ड गाउँपालिकाका चार सय ९३ जना, आमाछोदिङ्मोका एक सय ८०, नौकुण्डका ६३ जना, उत्तरगयाका ६ सय ६६ जना र कालिकाका एक सय ३६ जना बेपत्ता भएका छन् । बेपत्ता भएकाहरू बसोबास गर्ने सम्बन्धित वडा कार्यालयमार्फत प्रमाणित भई आएका बेपत्ता विवरणलाई जिल्ला विपत् व्यवस्थापन समितिमार्फत अनुमोदन गरी गत असोज २० गते राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबारमा बेपत्ताको नामलिस्ट पठाइसकिएको जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेले बताउनुभयो । प्राधिकरणले पहिलो चरणमा वि.सं. २०८३ कात्तिक २१ गते र दोस्रो चरणमा मङ्सिर ५ गते सूचना प्रकाशित गरी बाढीमा बेपत्ता भएका नेपाली तथा विदेशी नागरिकको विवरण सार्वजनिक गरिसकेको छ । सार्वजनिक विवरणमा नाम समावेश भएका व्यक्ति जीवित रहेको वा शव फेला परेको भए सम्बन्धित व्यक्ति स्वयम् वा निजका परिवारले सात दिनभित्र दाबी पेस गरी विपत्सम्बन्धी तथ्याङ्क सच्याउन सक्ने जनाइएको छ । विवरणमा नाम, ठेगाना वा अन्य विवरण फरक परेको भए सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा प्राधिकरणको इमेल ठेगाना लमचक्बरन्कबषीअक्र मा प्रमाणसहित दाबी पठाउन अनुरोध गरिएको छ । बेपत्ता स्वदेशी तथा भारतीय नागरिकको विवरण हेर्न प्राधिकरणले उपलब्ध गराएको क्युआर कोड स्क्यान गर्न वा जततउकस्रकभतगालमचक्कबानयखा लउरुष्ककष्लन मा गएर हेर्न सकिने व्यवस्था गरिएको छ।

यसका साथै सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गरेर पनि जानकारी लिन सकिने व्यवस्था रहेको रसुवाका सहायक प्रजिअ दिपेश रिजाललले जानकारी दिनुभयो । प्राधिकरणले सार्वजनिक गरेको विवरणमा छुटेका नेपाली नागरिकको थप विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्राप्त भएपछि र विदेशी नागरिकको विवरण तोकिएका नियोगबाट प्राप्त भएपछि पुनः सूचना प्रकाशित गरिने जनाएको छ । बाढीका कारण परिवारका सदस्य बेपत्ता भएका, तर सार्वजनिक विवरणमा नाम समावेश भए-नभएको जानकारी नपाएका परिवारले समेत सम्बन्धित निकायमा सम्पर्क गरी विवरण रुजु गर्न आग्रह गरिएको रसुवाका प्रमुख जिल्ला अधिकारी पाण्डेले अनुरोधसमेत गर्नुभएको छ । बाढीमा बेपत्ता भएका व्यक्तिको विवरणमा आफ्ना बेपत्ता परिवारका कुनै सदस्यको नाम समावेश नभएमा सात दिनभित्र दाबी पेस गर्न राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आग्रह गरेको छ । गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सातदिने अत्यन्त जरुरी सूचना जारी गर्दै बेपत्ता व्यक्तिका परिवारको विवरण बुझाई आवश्यक दाबी पेस गर्न अनुरोध गरेको हो ।

हिम सुनामीपछि ...

सुरक्षित स्थान छनोट गर्न पाउनुपर्ने धारणासमेत तामाङले राख्नुभएको छ । एलो गुम्बामा आश्रय लिएर बसेका स्याफ्रु क्षेत्रका बासिन्दा सम्भव भएसम्म आफ्नै क्षेत्रमा बस्न चाहन्छन् । टिमुरेका प्रभावित परिवारले खेदीलाई बसोबासको विकल्प रोजेका छन् । त्यसैगरी वेत्रावती, कैदलटार र पहिरेबँसीका बासिन्दाले बोगटीटार तथा चौकीटार क्षेत्रमा पुनर्स्थापित हुन चाहेको पूर्वशिक्षक वासु लामिछानेले बताउनुभयो। स्थानीयको यो चाहनालें पुनर्स्थापना योजनामा नागरिकको सहभागिता र सहमतिको महत्त्व दर्शाएको छ । सुरक्षित स्थान पहिचान गर्दा भौगर्भिक अध्ययनलाई आधार बनाउनुपर्ने भए पनि स्थानीयको भावना, सामाजिक सम्बन्ध र जीविकोपार्जनका आधारलाई बेवास्ता गर्न नहुने गोसाईंकुण्ड गाउँपालिकाका अध्यक्ष तामाङले बताउनुभयो ।

जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको गत कात्तिक २० गतेको बैठकले बाढीपछिको पुनर्स्थापना तथा पुनर्निर्माणलाई प्रभावकारी बनाउन ११बुँदे निर्णय गरेको छ। प्रमुख जिल्ला अधिकारी एवम् समितिका अध्यक्ष कमलप्रसाद पाण्डेको अध्यक्षतामा बसेको बैठकले यसअघि गरिएका निर्णयको कार्यान्वयन अवस्थाको समीक्षा गर्दै प्रभावित नागरिकलाई तत्काल र दीर्घकालीन सहायता उपलब्ध गराउने निर्णय गरेको छ । समितिको निर्णयको मुख्य उद्देश्य बाढी प्रभावित नागरिकलाई सरकारी सहायता सहज रूपमा उपलब्ध गराउनु, जोखिममा रहेका बस्तीको सुरक्षित व्यवस्थापन गर्नु र अवरुद्ध सेवा तथा पूर्वाधार पुनः सञ्चालन गर्न सबैलाई आ-आफ्नो क्षेत्रबाट सहयोगका साथ सुझाव दिन प्रजिअ पाण्डेले आग्रह गर्नुभएको छ।

रसुवागढीभन्दा माथिल्लो नेपाल र चीनको सिमाना लेन्दे खोला जलाधारबाट आएको भीषण बाढीले भोटेकोसी नदीमा विनाशकारी रूप लिएको थियो । एकाएक आएको बाढीले रसुवागढी, टिमुरे, घट्टेखोला, स्याफ्रुबँसी, पहिरेबँसी र वेत्रावती क्षेत्रलाई प्रभावित बनाउँदै त्रिशूली नदीको तटीय क्षेत्रसम्म ठुलो क्षति पुऱ्याएको प्रजिअ पाण्डेले बताउनुभयो ।

नदीमा अस्वाभाविक रूपमा बढेको पानीको बहाबसँगै दुङ्गा, बालुवा र गेग्रान बस्तीमा पसेपछि घर, सडक, पुल, व्यापारिक प्रतिष्ठान तथा जलविद्युत् आयोजनाका संरचना क्षणभरमै तहसनहस भएको थियो । सञ्चार सम्पर्कसमेत अवरुद्ध हुँदा प्रभावित क्षेत्रका नागरिकको अवस्था तत्काल जानकारी लिन कठिन भएको थियो । बाढीको प्रभाव रसुवामा मात्र सीमित रहेन । भोटेकोसी हुँदै त्रिशूली नदीमा मिसिएको बाढीको बहाबले नुवाकोट, धादिङलगायत तल्लो तटीय क्षेत्र र बस्तीलाई समेत प्रभावित बनायो । रसुवागढीदेखि वेत्रावती, त्रिशूली हुँदै देवघाटसम्मको नदी प्रणालीमा पऱेको प्रभावले सडक, पुल, जलविद्युत् व्यापार, कृषि र नागरिकको आवागमनमा दीर्घकालीन असर पुऱ्याएको छ । सरकारले नुवाकोटको देवीघाट र रसुवा-नुवाकोटको सिमानामा तत्काल बेलिब्रिज निर्माण गरेर पैदल तथा सवारी आवागमन सुचारू गराएपछि आवतजावतमा सहजता भयो । विपत्मा ठुलो सङ्ख्यामा मानिस सम्पर्कविहीन तथा बेपत्ता भएका छन् । जिल्ला प्रशासन कार्यालय रसुवाबाट यसअघि सार्वजनिक गरिएको विवरणअनुसार तीन हजार आठ सय चारजना सम्पर्कविहीन रहेको उल्लेख थियो । तीमध्ये रसुवाका एक हजार ६ सय ७४, अन्य जिल्लाका एक हजार आठ सय ४० र विदेशी नागरिक दुई सय ९० जना थिए ।

रसुवा प्रहरीले जिल्लाभित्र दुई सय ३६ जनाको शव फेला पारी सङ्कलन गरेको विवरण सार्वजनिक गरेको छ । उद्धारका क्रममा एक हजार चार सय ६२ जनालाई हवाई माध्यमबाट सुरक्षित स्थानमा ल्याइएको थियो । गोसाईंकुण्डबाट फर्केका १४ सय यात्रुलाई धुन्चेदेखि नुवाकोटको बट्टारसम्म नेपाली सेनाको एमआई हेलिकोप्टरबाट उद्धार गरी मानवीय सेवा पुऱ्याएको थियो । बाढीपछि परिवारका सदस्यसँग सम्पर्क टुटेका नागरिकका आफन्तले लामो समयसम्म आफ्ना मानिसको अवस्थाबारे जानकारी पाउन सकेनन् । कतिपय परिवारले अझै पनि बेपत्ता आफन्तको खोजी र पहिचानको प्रतीक्षा गरिरहेका छन् । यस्तो अवस्थामा समितिले बेपत्ता व्यक्तिको विवरण यकिन गरी सरकारी अभिलेखमा समावेश गर्ने निर्णय गरेको छ । स्थानीय तहका वडामा प्राप्त निवेदन, स्थानीय विपत् व्यवस्थापन समितिका निर्णय र हालसम्म सङ्कलित विवरणलाई आधार मानेर सम्पर्कविहीन तथा बेपत्ता व्यक्तिको विवरण प्रमाणीकरण गरी राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबारमा सिफारिस गरेको छ । बाढीमा परी फेला परेका शवको पोस्टमार्टम प्रतिवेदनसमेत हालसम्म प्राप्त नभएको विषयमा समितिले चासो व्यक्त गर्दै सम्बन्धित निकायबाट प्रतिवेदन प्राप्तिका लागि पहल गर्ने छलफल भएको प्रजिअ पाण्डेले बताउनुभयो ।

बाढीबाट विस्थापित परिवारका लागि आवास र जीविकोपार्जनको व्यवस्था गर्नु अहिलेको प्रमुख चुनौती बनेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को गत भदौ २५ गतेको निर्णयअनुसार चारजनासम्म सदस्य भएको प्रभावित परिवारलाई मासिक रु. १५ हजार र चारजनाभन्दा बढी सदस्य भएको परिवारलाई प्रतिसदस्य थप रु. दुई हजारका दरले बढीमा ६ महिनासम्म अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ । समितिले उक्त निर्णय प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय तहलाई लाभग्राही पहिचान, दर्ता तथा प्रमाणीकरणको काम शीघ्र सम्पन्न गर्न आग्रह गरेको छ। अस्थायी तथा सङ्क्रमणकालीन आवास निर्माणका लागि लाभग्राही पहिचान गरी अनुदान वितरण गर्ने प्रक्रियालाई समेत तीव्रता दिनुपर्ने निर्णय भएको छ। राहत वितरणका क्रममा देखिएको अर्को समस्या सरकारी सूचना प्रणालीमा आएको प्राविधिक अवरोध हो। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पुनर्निर्माण व्यवस्थापन सूचना प्रणाली (रिकन्स्ट्रक्सन एमआइएस)को सर्भर सञ्चालनमा समस्या देखिएपछि प्रभावित नागरिकको विवरण प्रविष्टि तथा अद्यावधिक गर्ने काम अवरुद्ध भएको थियो । तत्पश्चात् क्रमिक रूपमा व्यवस्थापन गर्दै बाढी प्रभावित बासिन्दालाई बस्दै आएका शिविरमा नै गई रसुवा प्रशासनले नेपाली नागरिकताको प्रतिलिपि प्रदान गरिसकेको छ। राहत तथा जीविकोपार्जन अनुदान वितरणमा ढिलाइ हुन सक्ने अवस्था देखिएपछि समितिले वैकल्पिक व्यवस्था अघि सारेको छ। प्रणालीमा समस्या आए पनि वास्तविक पीडितले सरकारी सहायता पाउनबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले स्थानीय विपत् व्यवस्थापन समितिले लाभग्राही यकिन गरी आवश्यक कागजात तयार तथा प्रमाणित गरेर राहत र जीविकोपार्जन रकम भुक्तानी गर्न बाधा नपर्ने निर्णय गरिएको छ ।

बाढीपछि विभिन्न सरकारी निकाय, सामाजिक संस्था तथा विकास साझेदार संस्थाबाट प्रभावित नागरिकलाई नगद र अन्य मानवीय सहायता उपलब्ध गराउने क्रम जारी छ । एउटै परिवारले दोहोरो सहायता पाउने र वास्तविक पीडित सहायता प्राप्त गर्नबाट छुट्ने सम्भावनालाई ध्यानमा राख्दै समितिले राहत वितरणमा समन्वय अनिवार्य गरेको छ । सहायता उपलब्ध गराउने सङ्घसंस्थाले आफूले वितरण गरेको सहयोगको विवरण जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउनुपर्ने र थप नगद सहायता वितरण गर्नुअघि सम्बन्धित स्थानीय तह तथा जिल्ला प्रशासनसँग समन्वय गर्नुपर्ने निर्णय भएको छ। बाढीले रसुवाको उत्तरी क्षेत्रमा मात्र नभई दक्षिणतर्फका सडक तथा यातायात संरचनामा समेत क्षति पुऱ्याएको थियो । धुन्चे-स्याफ्रुबँसी सडकखण्डअन्तर्गत सानोभार्खु क्षेत्रमा पहिरो गएको र सडक भासिएर यातायात सञ्चालन जोखिमपूर्ण बनेको अवस्थामा सडक डिभिजन कार्यालय नुवाकोटले आकस्मिक मर्मत तथा पुनर्स्थापनाको काम गरेको थियो । सडक यातायात सुचारू गराउन गरिएको उक्त आकस्मिक कामलाई समितिले अनुमोदन गरेको छ। बाढीले सबैभन्दा बढी असर पारेको क्षेत्रमध्ये एक जलविद्युत् तथा ऊर्जा क्षेत्र हो । रसुवागढी, टिमुरे, स्याफ्रुबँसी र त्रिशूली नदी आसपासका जलविद्युत् आयोजनाका संरचनामा क्षति पुग्दा विद्युत् उत्पादन तथा आपूर्ति प्रणाली प्रभावित भएको छ। बाढीका कारण बाँध, विद्युत्गृह, पहुँचमार्गलगायतका अन्य पूर्वाधारमा क्षति पुगेको छ । आयोजनागत प्रत्यक्ष क्षतिको विस्तृत मूल्याङ्कन भने सम्बन्धित आयोजना तथा सरकारी निकायबाट पुष्टि हुन बाँकी छ ।

ऊर्जा क्षेत्रको क्षतिले राष्ट्रिय विद्युत् उत्पादन र आपूर्तिप्रणालीमा समेत असर पारेको छ। समितिको निर्णयमा विद्युत् आपूर्ति सहज बनाउन छुट्टै पहल गर्ने उल्लेख छ । बाढीका कारण जिल्लाको विद्युत् प्रणाली अवरुद्ध भई पुनर्निर्माणको काम अगाडि बढ्न नसक्दा मागअनुसार विद्युत् आपूर्ति हुन सकेको छैन । काठमाडौंको बालाजुबाट ल्याइएको विद्युत् सेवाको पावर नपुग्दा किसानले घरमा रहेका लोकल धान कुटेर भात खान नसकी परनिर्भर बन्नुपरेको उत्तरगया- ५ का पूर्ववडाध्यक्ष ईश्वर थापाले बताउनुभएको छ । सर्वसाधारणको दैनिक जीवनयापन कष्टकर बनेको बैठकको ठहर छ । बत्तीको पावर नपुग्दा अक्सिजन लगाई बस्नुपर्ने दमका बिरामी रसुवाको घर छोडेर काठमाडौं बस्न बाध्य भएका छन् । विद्युत् आपूर्ति सहज बनाउन राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत नेपाल विद्युत् प्राधिकरणलाई आवश्यक पहल गर्न अनुरोध गरिएको छ। बाढीपछि नियमित विद्युत् सेवा नहुँदा घरायसी कामकाजदेखि सञ्चार, व्यवसाय, होटेल तथा पर्यटन क्षेत्र र सार्वजनिक सेवामा समेत असर परेको छ । विशेषगरी पुनर्स्थापना र पुनर्निर्माणको चरणमा रहेका नागरिकका लागि नियमित विद्युत् सेवा अत्यावश्यक बनेको छ । विद्युत् प्रणालीको पुनर्स्थापना केवल प्राविधिक विषय नभई प्रभावित नागरिकको दैनिक जीवन सामान्य अवस्थामा फर्काउने आधारका रूपमा हेरिएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ।

बाढीले बस्ती नै जोखिममा पारेपछि सुरक्षित बसोबासको विकल्प खोजिरहेका नागरिकका लागि पनि समितिले महत्त्वपूर्ण निर्णय गरेको छ । आमाछोदिङ्मो- १, हाकुबँसीका एक सय ५६ भन्दा बढी घरधुरी बसोबासका लागि अयोग्य अवस्थामा रहेको भन्दै भौगर्भिक अध्ययन गरिदिन निवेदन प्राप्त भएको जिल्ला विपत् व्यवस्थापन समितिले जनाएको छ । सोही आधारमा उक्त क्षेत्रको भौगर्भिक अध्ययनका लागि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग अनुरोध गरिएको छ। बाढीका कारण जिल्लाका विभिन्न मानवबस्ती तथा स्थान भौगोलिक रूपमा प्रभावित भएका छन् । कतिपय बस्तीमा पुग्ने सडक, पुल तथा पैदलमार्ग बगाएका कारण नागरिकको आवागमन र सेवा प्रवाह प्रभावित भएको छ । यस्तो अवस्थामा बस्ती व्यवस्थापन, पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि आवश्यक भौगर्भिक अध्ययन गरी सुरक्षित स्थान पहिचान गर्नुपर्ने आवश्यकता समितिले औंल्याएको छ । स्थानीयले रोजेका स्थानमा बसोबासको व्यवस्था गर्दा भौगर्भिक अध्ययनबाट ती स्थान सुरक्षित रहेको पुष्टि हुनुपर्नेछ । त्यसपछि मात्र व्यवस्थित बस्ती विकास, सडक, खानेपानी, विद्युत्, विद्यालय, स्वास्थ्य सेवा र जीविकोपार्जनका आधार निर्माण गर्नुपर्ने समितिले ठहर गरेको छ। स्थानीयको भावना र प्राविधिक अध्ययनलाई सँगसँगै अघि बढाउन सके पुनर्स्थापना दिगो बन्ने अपेक्षा गरिएको छ । बाढीपछि उत्तरगयाको प्रशासनिक सेवा सञ्चालन र स्थानीय सरकारको भौतिक पूर्वाधार व्यवस्थापनका विषयलाई समेत बैठकले समेटेको छ । गाउँपालिकाको स्थानीय विपत् व्यवस्थापन समितिको निर्णयअनुसार वडा नम्बर ५ लहरेपौवास्थित पालेको वनमा अवस्थित नेपाल सरकारको नाममा दर्ता रहेको करिब पाँच रोपनी जग्गा गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि प्राप्त गर्न सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय भएको छ। उत्तरगयाको खाल्टे बगरमा रहेको र भाडामा लिएको निजी भवनसमेत बाढी पूरै बगाएको थियो ।

बाढीबाट प्रभावित क्षेत्रमा पर्यटन, व्यापार तथा कृषि गतिविधि पुनः सञ्चालन गर्नु पनि पुनर्स्थापनाको अर्को महत्त्वपूर्ण पक्ष हो । रसुवागढी नाका, टिमुरे, स्याफ्रुबँसी र वेत्रावती क्षेत्रको आर्थिक गतिविधि बाढीपछि प्रभावित भएको छ । सडक तथा पुल अवरुद्ध हुँदा स्थानीय व्यवसायी, होटेल सञ्चालक, कृषक, यातायात व्यवसायी र पर्यटन क्षेत्रमा आश्रित नागरिकको आम्दानीमा प्रत्यक्ष असर परेको थियो । सडक तथा विद्युत् सेवा सहज भएसँगै आर्थिक गतिविधि पुनः सञ्चालन गर्न आवश्यक सहयोग जुटाउनु आँहलेको आवश्यकता बनेको कालिका गाउँपालिका अध्यक्ष हरिकृष्ण देवकोटा बताउनुहुन्छ। जिल्ला विपत् व्यवस्थापन समितिको निर्णयले तत्कालीन राहत वितरणदेखि दीर्घकालीन पुनर्निर्माणसम्मका विषयलाई समेटेका छन्। बेपत्ता नागरिकको पहिचान, शवको पोस्टमार्टम प्रतिवेदन, घरबास तथा जीविकोपार्जन अनुदान, सुरक्षित बस्ती निर्माण, सडक र विद्युत् सेवा पुनर्स्थापना तथा प्रशासनिक पूर्वाधार निर्माणजस्ता विषयले प्रभावित नागरिकको जीवन सामान्य अवस्थामा फर्काउने प्रयासलाई अघि बढाउने अपेक्षा गरिएको छ।

जीवनरेखा ...

अध्यक्ष दाबागोम्बो तामाङ सक्रिय हुनुभएको थियो । यसअघि स्थानीयवासीको श्रमदान तथा विभिन्न सङ्घसंस्था र समाजसेवीको आर्थिक सहयोगमा निर्माण गरिएको काठेपुल गत कात्तिक १३ गतेको निरन्तर वर्षाका कारण भोटेकोसीमा पानीको बहाब बढ्दा बगाएको थियो। पहिलोपटक पुल निर्माणमा चिलिमेका बहादुर तामाङको रेखदेख तथा अगुवाइमा गोल्जुङ, गत्लाङ र चिलिमेका बासिन्दाले श्रमदान गर्नुभएको थियो ।

पहिलोपटक पुल निर्माणका लागि गोल्जुङका समाजसेवी मानबहादुर तामाङमार्फत रोटरी क्लबबाट रु. तीन लाख तीन हजार तथा लहरेपौवाका विनोद आचार्यमार्फत फेल्मी टोफेल फाउन्डेसनबाट रु. एक लाख ५५ हजार सात सय ७८ सहयोग प्राप्त भएको थियो । उक्त रकमबाट काठ तथा लठ्ठा खरिद गरिएको थियो। सालासुङ्गी हाइड्रोपावरले फलामे लठ्ठासमेत सहयोग गरेको स्थानीयले बताएका छन् । पहिलो पुल बाढीले बगाएपछि दोस्रो पुल पुनर्निर्माणका लागि समेत रोटरी क्लबमार्फत समाजसेवी तामाङमार्फत रु. दुई लाख ३० हजार र विनोद आचार्यमार्फत फेम्ली टोफेल फाउन्डेसनबाट रु. एक लाख २५ हजार पुनः सहयोग प्राप्त भएको समाजसेवी तामाङले बताउनुभयो । स्थानीयवासी र सुरक्षा निकायको संयुक्त श्रमदान तथा सहयोगबाट दोस्रोपटक पुल निर्माण सम्पन्न भएको हो ।

स्थानीयवासीले आफ्नै श्रम र सहयोग जुटाएर दुईपटकसम्म पुल निर्माण गर्नुपरे पनि सरकारले घोषणा गरेको बेलिब्रिज निर्माण भने अझै सम्पन्न हुन सकेको छैन । तिहारअघि नै स्याफ्रुबँसीमा बेलिब्रिज निर्माण गर्ने जिल्ला विपत् व्यवस्थापन समितिको पूर्वघोषित कार्यक्रम कार्यान्वयन हुन नसकेको स्थानीयको भनाइ छ । रसुवाका प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेले बेलिब्रिज निर्माणका लागि जग तयार गर्ने काम भइरहेको जानकारी दिनुभयो । निर्माणस्थलको भौगर्भिक अवस्थाका कारण केही ढिलाइ भएको बताउँदै उहाँले छिटोभन्दा छिटो बेलिब्रिज जडान गर्न सडक सुधार आयोजनामार्फत सम्बन्धित निकायसँग निरन्तर संवाद र समन्वय भइरहेको बताउनुभयो ।

नुवाकोटका देवीघाट र वेत्रावतीमा सात-सात दिनमै बेलिब्रिज निर्माण सम्पन्न भएको उदाहरण दिँदै उत्तरी रसुवाका बासिन्दाले स्याफ्रुबँसीमा भने पुल निर्माणमा ढिलाइ हुनु दुःखद भएको बताएका छन् । बेलिब्रिज नहुँदा उत्तरी रसुवाका किसानले उत्पादन गरेको बन्दाकोपी र आलुले सहज रूपमा बजार पाउन सकेको छैन । कृषि उपज ढुवानीमा समस्या भएपछि किसान थप मर्कामा परेका छन् । त्यसैगरी, तातोपानी नुहाउन जाने बिरामी, तामाङ सम्पदा मार्ग हुँदै प्राकृतिक सौन्दर्य अवलोकन गर्न आउने पर्यटक र स्थानीय बासिन्दासमेत प्रभावित भएका छन् । गत्लाङका स्थानीय मार लामाका अनुसार पुल नहुँदा किसानले उत्पादन गरेको कृषि उपज बजारसम्म पुऱ्याउन कठिन भएको छ । पर्यटकको आवागमन, स्थानीय बासिन्दाको दैनिक ओहोरदोहोर तथा सामान ढुवानीमा समेत समस्या भइरहेको छ । अस्थायी काठेपुल बाढीले बगाउने जोखिम रहेकाले दीर्घकालीन समाधानका लागि बेलिब्रिज निर्माण आवश्यक रहेको उहाँले बताउनुभयो ।

स्थानीयवासीले पटकपटक श्रमदान गरेर आवागमन खुलाउने प्रयास गर्नु प्रशंसनीय भए पनि पुल निर्माणको स्थायी जिम्मेवारी सरकारकै भएको लामाले बताउनुभयो । आज काठेपुल बनाउने, भोलि बाढीले बगाउने र फेरि श्रमदान गरेर बनाउने अवस्थाको अन्त्य गर्न सरकारले बेलिब्रिज निर्माणलाई प्राथमिकता दिनुपर्ने मागसमेत उहाँले गर्नुभएको छ । भोटेकोसीमा पक्की पुल बगाएको लामो समय बितिसक्दा पनि स्थायी आवागमनको व्यवस्था नहुनु र अस्थायी संरचनाकै भरमा उत्तरी रसुवाको जनजीवन चल्नुपर्ने अवस्थाले पुनर्निर्माणको गति र सरकारी कामको अवस्था बुझ्न सकिन्छ । भौगर्भिक अवस्थाका कारण निर्माणमा ढिलाइ भएको जिल्ला प्रशासन कार्यालयले स्विकार गरेको छ । किसानको उत्पादन, पर्यटन र दैनिक ढुवानीलाई सहज बनाउने भरपर्दो पुल बनाउन पहल भइरहेको जानकारी प्रशासन कार्यालयले दिएको छ ।

'पत्रकारलाई ...

तथा निजी सञ्चारमाध्यमबाट पत्रकारलाई जबर्जस्ती निष्कासन गरिएको, श्रम अधिकारकोउल्लङ्घनभएकोरलोककल्याणकारी विज्ञापनबापत पत्रपत्रिकाले पाउनुपर्ने रकम प्रेस काउन्सिल नेपालको सिफारिसअनुसार उपलब्ध नगराइएको विषयलाई पनि महासङ्घले आन्दोलनको प्रमुख कारण बनाएको छ । महासङ्घले सार्वजनिक गरेको कार्यक्रमअनुसार मङ्सिर २ गते प्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाउने र मङ्सिर ५ गते संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका प्रमुखलाई ध्यानाकर्षणपत्र पठाउने निर्णय सम्पन्न भइसकेको छ । यसैगरी, मङ्सिर ५ र ६ गते शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड)सँग छलफल गरिएको महासङ्घले जनाएको छ । मङ्सिर ७ गते सबै जिल्ला शाखाले सञ्चारसम्बद्ध सङ्घसंस्थासँग अन्तरक्रिया गर्ने कार्यक्रमसमेत सफलताका साथ सम्पन्न भएको छ । महासङ्घले सरकारको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रतिको अनुदार व्यवहारप्रति विरोध जनाउँदै घोषित माग सम्बोधन नभए थप आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने महासङ्घका महासचिव रामप्रसाद दाहालले चेतावनी दिनुभएको छ । पहिलो चरणका आन्दोलनका कार्यक्रमबाट माग पूरा नभए थप आन्दोलन तय गर्ने महासङ्घले जनाएको छ ।

दुप्चेश्वर मन्दिर ...

सञ्चालन समय निर्धारण गरी धार्मिक मर्यादा, व्यवस्थापन र अनुशासित बनाउन समयतालिका हेरफेर गरिएको जानकारी दिनुभयो । धाममा नित्य एवम् विशेष पूजा तथा आरती सञ्चालनको तालिका धार्मिक-सामाजिक व्यक्तित्वको सल्लाह तथा सुझावलाई ध्यानमा राखेर कोषले समयतालिका हेरफेर गरेको छ । नयाँ कार्यतालिकाअनुसार नित्य पूजाको समय असोज १ देखि फागुन मसान्तसम्म बिहान ६ देखि ६:३० बजेसम्म, मध्याह्न ११:३० देखि १२ बजेसम्म र साँझ ४:३० बजेपछि रहेको छ । त्यसैगरी, चैत १ देखि भदौ मसान्तसम्म नित्य पूजाको समय बिहान ५:३० देखि ६ बजेसम्म, मध्याह्न ११:३० देखि १२ बजेसम्म र साँझ ५:३० बजेपछि सुरु हुनेछ । गत असोज १ देखि मुख्य मन्दिरको गेट साँझको आरतीपश्चात् बन्द भई भोलिपल्ट बिहान नित्य पूजापछि मात्र खुल्नेछ भने मन्दिर प्रवेशद्वार (तल्लो गेट) प्रत्येक दिन बिहान ५ बजे खुलिसक्ने कोषका कोषाध्यक्ष राजकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

मन्दिरमा वि.सं. २०८१ साउन ७ गते पहिलो सोमबारबाट सूर्यामती-दुप्चेश्वर सन्ध्या आरती सुरु गरिएको थियो । आरती सुरु भएको दुई वर्ष पुगेको अवसरमा गत साउन २ गते शनिबार विशेष आरती भएको थियो । यस वर्षदेखि साउनको पहिलो शनिबारलाई वार्षिक रूपमा मनाउन सुरु गरिएको कोषले जानकारी दिएको छ। परम्पिता भगवान् दुप्चेश्वर महादेवको असिम कृपा र समाजसेवी, बुद्धिजीवी, धार्मिक व्यक्तित्व, श्रद्धालु भक्तजनको अमूल्य साथ, सहयोग तथा आस्थाका कारण 'सूर्यामती-दुप्चेश्वर सन्ध्या आरती'ले गौरवमय यात्राको दोस्रो वर्ष सफलतापूर्वक पूरा गरेको छ । धामपरिसरका सम्पूर्ण प्रवेशद्वारको सञ्चालन समय निर्धारण गरी धार्मिक मर्यादा, सुरक्षा, सरसफाइ तथा समग्र व्यवस्थापनलाई अझ प्रभावकारी, व्यवस्थित र अनुशासित बनाउने कार्य थालनी भइरहेको छ । मन्दिरमा श्रद्धालु भक्तजनको उपस्थिति दिनानुदिन बाक्लो हुँदै जानुले मन्दिरको सुरक्षा र सरसफाइमा चुनौती थपिँदै गएकोले मन्दिरको पूजा-आराधनाको समय निर्धारण गरिएको छ।

सामाजिक सञ्जाल, मिडिया र धार्मिक नेटवर्कमार्फत दुप्चेश्वरको धार्मिक-पर्यटकीय सम्भावना बिस्तारै उच्चस्तरमा फैलिँदै छ। विशेषगरी युवा, पर्यटक, आध्यात्मिक साधक तथा पहाडी क्षेत्र अध्ययन गर्नेका लागि दुप्चेश्वर भ्रमणयोग्य सांस्कृतिक-प्राकृतिक संयोजनस्थल बनिरहेको छ। नुवाकोट जिल्लाको उत्तर भागमा अवस्थित दुप्चेश्वर मन्दिर अहिले धार्मिक श्रद्धा र पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ । समुद्र मन्थनपछि शीतलता पाउन हिँडेका शिव यही क्षेत्र भएर नीलाद्री पर्वत पुगेको धार्मिक विश्वास छ । मन्दिरमा साउन महिना, प्रत्येक सोमबार, शिवरात्रि, तिज, माघेसङ्क्रान्तिजस्ता अवसरमा हजारौं भक्तजनको भिड लाग्छ । हालका वर्षमा स्थानीय तह र धार्मिक समितिको संयुक्त प्रयासमा मन्दिर क्षेत्रलाई सुविधासम्पन्न बनाइएको छ। मन्दिरपरिसरमा बाटो, झिलिमिली बत्ती, सिसिटिभीबाट निगरानी, शुद्ध पिउने पानी, शौचालय, पार्किङ क्षेत्र, विश्रामगृह, स्नानको व्यवस्थालगायत विभिन्न सुविधा छ । दुप्चेश्वर मन्दिरपरिसरबाट देखिने पहाड, धवल हिमाल, तादी नदीको रमणीय दृश्य, वरिपरि हरियाली वनजङ्गल र शान्त वातावरणले भक्तजनलाई आध्यात्मिक शान्ति प्रदान गर्छ । कोषले मन्दिर क्षेत्र सफा र आकर्षक राख्ने काम गरिरहेको छ। ऐतिहासिक, धार्मिक र प्राकृतिक सौन्दर्य भल्काउने दुप्चेश्वर अब केवल पूजा गर्ने स्थान मात्र नभई धार्मिक पर्यटनको उत्कृष्ट गन्तव्यका रूपमा समेत विकसित हुँदै गइरहेको छ । दुप्चेश्वर महादेवको दर्शन गर्न काठमाडौंलगायत देशभरबाट धार्मिक पर्यटक तथा विदेशी पर्यटकसमेत आउने गर्छन् ।

मन्दिर कसरी पुग्ने : काठमाडौंबाट जाने यात्रु काठमाडौंको टोखा-छहरे सडकखण्ड हुँदै चौघडा-खरानीटार-समुन्द्रटार भई दुप्चेश्वर मन्दिर करिब ६५ किलोमिटर यात्रा गर्दा करिब तीन घण्टामा पुग्न सक्छन

के तपाईं घर बनाउँदै हुनुहुन्छ ?

नुवाकोट निर्माण सामग्री सप्लायर्स प्रा.लीमा यु.पी.भि.सी, आल्मुनियमको झ्याल, ढोका, सिसा र डिजिटल तयारी ढोकाहरू पाउनुका साथै अब फल्स सिलिङ, सिमेन्टबोर्ड र जिप्समबोर्डको नयाँ काम पनि सुचारु गरिएको जानकारी गर्दछौं।



विशेष छुटको व्यवस्था गरिएको छ।

सम्पर्क: ९८४१५१२०७३
९८५१४१२०७३

ठेगाना: बिदुर ४, बट्टार बसपार्क रोड, नुवाकोट।
मेन रोडबाट ५० मिटर भित्र।

देउवा काङ्ग्रेसमा लागेका तामाङसहित जनप्रतिनिधिका पद धरापमा



काठमाडौँ । नेपाली काङ्ग्रेसका सभापति गगनकुमार थापाले राष्ट्रिय सभा, प्रतिनिधिसभा, प्रदेश सभा वा स्थानीय तहमा काङ्ग्रेसको चुनाव चिह्नबाट निर्वाचित भएका जनप्रतिनिधिले अर्को दलको सदस्यता लिए विधानअनुसार कारबाही हुने चेतावनी दिनुभएको छ।

दललाई राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्दै सशक्त प्रतिपक्षको भूमिका निर्वाह गरिने बताउँदै उहाँले काङ्ग्रेसको चुनाव चिह्नबाट निर्वाचित भएका नुवाकोटस्थित सूर्यगढी गाउँपालिकाका अध्यक्ष सन्तबहादुर घले तामाङसहित केही जनप्रतिनिधिको पद खारेज गरिने बताउनुभयो।

मुख्यालय सानेपामा मंगलबारदेखि सुरु भएको केन्द्रीय कार्यसमिति बैठकलाई सम्बोधन गर्दै सभापति थापाले दलको १५औँ महाधिवेशनले आगामी चार वर्षका लागि राष्ट्रिय पुनर्जागरण र समुन्नतिको मार्ग तय गरेकाले सोहीअनुसार दलको नीति, विचार र आगामी कार्यदिशा निर्धारण गरिने बताउनुभयो।

उहाँले सरकारका राम्रा काममा सहयोग गर्ने, कमजोरीमा प्रश्न उठाउने तथा आवश्यकताअनुसार खबरदारी र प्रतिरोध गरिने स्पष्ट गर्नुभयो। सभापति थापाले दलको चुनाव चिह्नबाट निर्वाचित भएका सबै जनप्रतिनिधिले अर्को दलको सदस्यता लिए विधानअनुसार कारबाही हुने चेतावनी दिनुभयो। सभापति थापाले गत फागुन २१ गतेको निर्वाचनमा काङ्ग्रेसले अपेक्षित परिणाम प्राप्त गर्न नसकेको स्विकार्दै त्यसको समीक्षा गरी स्पष्ट नीति तथा कार्यक्रमका साथ जनताको विश्वास जितेर लोकप्रिय दलका रूपमा स्थापित हुन सक्नुपर्नेमा जोड दिनुभयो।

नुवाकोटमा सूर्यगढी गाउँपालिकाका अध्यक्ष सन्तबहादुर घले तामाङसहित जनप्रतिनिधि देउवा नेतृत्व काङ्ग्रेसमा सक्रिय छन्। तामाङ देउवा पक्षको अधिवेशनबाट क्षेत्र नं. १ का सभापति चयन हुनुभएको छ।

तेस्रो आँखा

प्रजातन्त्र नै काङ्ग्रेस, काङ्ग्रेस नै प्रजातन्त्र भन्ने युग सकिए नि देउवा र थापाको जुँगेलडाइँले चाङ्ग्रेजो काङ्ग्रेस चलायमान छ है साथी हो। गैरसरकारी संस्थाका रूपमा यहाँ दर्ता भएका सङ्घसंस्थाले चाङ्ग्रेजो काङ्ग्रेसको अस्तित्व धानेका छन्। न्वाँकोटाँ व्यवसाय हकहितमा वकालत गर्न जिल्ला प्रशासन कार्यालयमा सङ्घसंस्था ऐनअन्तर्गत दर्ता भएका व्यापारी र ठगदारका सङ्घसंस्थाको अधिवेशन र साधारणसभाले ग्राण्डी पार्टीको गति चलाएका छन् चाङ्ग्रेजो। गत वर्ष नै गर्नुपर्ने अधिवेशनको मिति तौक्न अझै सकस भएको चाङ्ग्रेजो तीनआँखेले देखिराखेको छ। व्यवसायीको कल्याणका लागि भन्दा नि दलको भ्रातृ संस्था बनेका दुई संस्थाको नेतृत्व चयन नहुँदा वैधानिकताको ज्ञान चाङ्ग्रेजो घन्टी पाटीले नबुझे नि प्रशासनले त बुझ्नुपर्ने हो क्यारे, चाङ्ग्रेजो !

राष्ट्रपति रनिङ सिल्डमा क्षेत्रपाल माध्यामिक विद्यालय प्रथम



चौघडा । लिखु गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा यही मङ्सिर ४ गते, शुक्रबारदेखि सञ्चालन भएको नवौं राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता- २०८३ आइतबार सम्पन्न भएको छ।

प्रतियोगितामा सहभागी सात मावि र नौ आधारभूत विद्यालयमध्ये क्षेत्रपाल माध्यमिक विद्यालयले १७ स्वर्ण र सात रजत गरी कुल २४ पदक प्राप्त गर्दै प्रथम स्थान हासिल गरेको छ।

त्यसैगरी, नारायणदेवी माध्यमिक विद्यालय १० स्वर्ण, सात रजत र तीन कांस्य गरी कुल २० पदकसहित दोस्रो भएको छ भने महेन्द्र महेशदेव माध्यमिक विद्यालयले दुई स्वर्ण, ६ रजत र सात कांस्य गरी कुल १५ पदक प्राप्त गर्दै तेस्रो स्थान हासिल गरेको छ।

प्रथम हुने विद्यालयलाई नगद रु. १५ हजार, मेडल र ट्रफी, दोस्रोलाई रु. १२ हजार, मेडल र ट्रफी तथा तेस्रोलाई रु. नौ हजार, मेडल र ट्रफी प्रदान गरिएको पालिकाले जानकारी दिएको छ। सबै विधाका उत्कृष्ट खेलाडीलाई समेत ट्रफी प्रदान गरिएको थियो। प्रतियोगिताको उद्घाटन र समापन पालिकाका अध्यक्ष ध्रुव श्रेष्ठले गर्नुभएको शिक्षा, युवा तथा खेलकुद शाखाका संयोजक बबिन श्रेष्ठले बताउनुभयो।

हराइरहेका व्यक्तिहरु

अय्यर परिवार • ४ सदस्य


श्रीधरन अय्यर
उमेर ५३ वर्ष • बुबा


लक्ष्मी श्रीधरन अय्यर
उमेर ४९ वर्ष • आमा


ऋषभ श्रीधरन अय्यर
उमेर २३ वर्ष • छोरा • चिकित्सक


रुद्र श्रीधरन अय्यर
उमेर २१ वर्ष • छोरा • चिकित्सक

भारतीय मूलका अस्ट्रेलियाली नागरिकहरु

अन्तिम पटक देखिएको स्थान
रोयल हिमालय होटल, स्याफ्रुबेसी
बिहान ८:५३ बजे • २६ अगस्ट २०२६

मोबाइलको अन्तिम सिग्नल
गोलजुड • दिउँसो २:३५ बजे
२६ अगस्ट २०२६

यस आसपास हुन सक्ने आशंका
गोसाईकुण्ड इन्क्लिस स्कुल

प्रति व्यक्ति नेपाली रु. ५,००,००० पुरस्कार

हराइरहेका व्यक्तिहरूमध्ये प्रत्येकलाई जीवित फला पारी सुरक्षित रुपमा फर्काउनेलाई पाँच लाख नेपाली रुपैयाँ पुरस्कार दिईनेछ।

सम्पर्क • फोन / WhatsApp

गणेश: +91 9844792453
किशोर: +91 9895476469
स्थानीय सम्पर्क: +9779714537161

कृपया यो पोस्टर धेरैभन्दा धेरै साझा गर्नुहोस्।
कुनै जानकारी भए माथिका नम्बरमा तुरुन्त सम्पर्क गर्नुहोस्।
मेरा दाजु र उहाँको परिवारलाई घर फर्काउन सहयोग गर्नुहोस्।

त्रिशूली प्रवाह
इ-पेपर हेर्न को लागि इस्क्यान गर्नुहोस

महिला हिंसा अन्त्य गरौं

- महिला माथि हुने सबै प्रकारको हिंसा कानुनी अपराध हो,
- कुनै प्रकारको हिंसा भएमा उजागर गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- सहयोगका लागि महिला हेल्पलाइन नं. ११४५ वा सम्बन्धित निकायमा सम्पर्क गरौं।



नेपाल सरकार
विज्ञापन बोर्ड

www.machbank.com

Digi युवा बचत खाता

बचत सँग सँगै समृद्ध बनौं



माछापुच्छे बैक

सबल, उत्कृष्ट एवं विस्तारित

मोटरेबल पुलका लागि सोले र कैदलेटार सुरक्षित



वेत्रावती । गत भदौ १० गतेको अकल्पनीय हिमबाढीले रसुवा-नुवाकोट जोड्ने मोटरेबल पुल बगाएपछि नयाँ पुल बनाउन नुवाकोट र रसुवाका जनप्रतिनिधिले सोले र कैदलेटार क्षेत्र सुरक्षित स्थान रहेको बताएका छन्।

सरकारले नुवाकोट र रसुवा जोड्ने त्रिशूली नदीमा मोटरेबल पुल बनाउनका लागि सुरक्षित स्थानको खोजी गरिरहेको छ। त्रिशूली नदी नुवाकोट जिल्ला, विदुर- ७, तुप्चे सात्तले सुन्दरादेवी मन्दिर परिसर, सोले र रसुवाको उत्तरगया- ५, कैदलेटार वेत्रावती जोड्ने मोटरे बल पुल बन्ने क्षेत्रको अनुसन्धान भई स्थान चयन भएको नुवाकोट क्षेत्र नं. २ का सांसद डा. अच्युतम लामिछाने ले 'त्रिशूली प्रवाह' साप्ताहिकलाई जानकारी दिनुभयो। सो स्थानमा पुल निर्माणका लागि रसुवाका सांसद ई. मोहन आचार्य, उत्तरगया गाउँपालिकाका अध्यक्ष माधव अर्याल, वडा नं. ५ का अध्यक्ष यमनाथ आचार्य, विदुर नगरपालिकाका प्रमुख राजनलाल श्रेष्ठ, उपप्रमुख प्रभा बोगटी, वडा नं. ७ का अध्यक्ष रवीन्द्र नेपाललगायतले उक्त क्षेत्रको अध्ययन, अवलोकन गरी पुल निर्माणका लागि सम्बन्धित निकायमा पहल गर्ने प्रतिबद्धता जनाउनुभएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) विदुर- ७ का वडासभापति कुमार सापकोटाले बताउनुभयो।

पुल तयारी भएपछि विदुर- ७, किस्पाङ र रसुवाको उत्तरगया- १, २ र ३ का स्थानीयले सडक पहुँचको सहजता महसुस गर्न पाइनेछन् भने रसुवा प्रवेशको वैकल्पिक बाटो खुल्ला हुने उत्तरगया- ५, वेत्रावतीका शशी डङ्गोलले जानकारी दिनुभयो।

बाढीपीडितलाई घरभाडा वितरण सुरु

विदुर । गत भदौ १० गते भोटेकोसी-त्रिशूली नदीमा आएको हिमबाढीबाट घरपरिवार गुमाएका विदुर नगरपालिकावासीलाई सुरक्षित बसोबासका लागि घरभाडा वितरण सुरु गरिएको छ। नगरपालिकाले गत हप्तादेखि विदुर- १० का बाढी प्रभावित लाभग्राहीलाई रु. १५ हजारका दरले वितरण थालेको छ।

एक हजार सात सय ८६ परिवार लाभग्राही परिवार रहेको नगरपालिकाले विनाशकारी बाढीले वासस्थान तथा धनजनको क्षति भई स्थायी घर नभएका पीडितलाई सुरक्षित बसोबास तथा पारिवारिक भेट गराउने कार्यक्रमअनुसार गत भदौ २१ को निर्णयअनुसार प्रतिपरिवार रु. १० हजार घरभाडा उपलब्ध गराउने निर्णय गरे पनि यही मङ्सिर ४ गतेदेखि प्रतिपरिवार रु. १५ हजारका दरले नगद सहायता वितरण सुरु गरिएको नगर प्रमुख राजनलाल श्रेष्ठले जानकारी दिनुभयो। नगर उपप्रमुख प्रभा बोगटीका अनुसार अन्य वडाका प्रभावितका लाभग्राहीलाई पनि नगद सहायता यसै हप्ता वितरण गर्ने तयारी भइरहेको छ।